पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

नेपाल बौद्ध परियत्ति शिक्षा
स्वर्ण महोत्सव वर्ष

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-१५ बुद्ध जन्म संवत् २६३८/बु.सं. २५५८/बि.सं. २०७१ चैत्र २८ गते ने.सं. ११३५ ई.सं. २०१५

## वर्तमान नेपालमा थेरवाद बुद्धशासनका सबल पक्षहरू

✍ सविता धाख्वा शाक्य



वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा पनि केहि कमी कमजोरीहरू र त्यसलाई सुधार्नु पर्ने पक्षहरू हुन् । वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा सबल पक्षहरु पनि निकै छन् जुन सामर्थ्यलाई आगामी दिनहरूमा बुद्धशासन विकास र उन्नतिका लागि आवश्यक छ । ती सबल पक्षहरु निम्न बुँदामा प्रस्तुत गर्ने प्रयास गरिन्छ :

**नेपाल बौद्ध परियत्ति शिक्षाको माध्यमबाट बुद्ध शिक्षाको प्रचार प्रसार**

आज भन्दा ५० वर्ष अगाडि भिक्षु बुद्धघोष महास्थविरबाट शुरुवात गर्नु भएको परियत्ति शिक्षालाई भिक्षु महासंघको अगुवाईमा चारै परिषद्को संलग्नतामा परियत्ति शिक्षा संस्थागत रूपले निरन्तर अगाडि बढि रहेको सामर्थ्य वा सबल पक्ष मानिनु पर्छ ।

५० बर्षको दौरानमा करीब १०० भन्दा बढि परियत्ति सद्धम्म कोविद उपाधि, ३७५ जना भन्दा बढि परियत्ति सद्धम्म पालक उपाधि, करीब ४०,००० बिद्यार्थीहरूले बिभिन्न तहमा अध्ययन, करीब ७० वटा परियत्ति केन्द्रहरू काठमाण्डौ उपत्यका र बिभिन्न जिल्लाहरूमा गरी १३ वटा जिल्लामा स्थापना भैसकेको अवस्था छ । यसरी भगवान बुद्धको सन्देश नेपालको प्रत्येक गाउँ शहरहरूको कुना काप्चा सम्म पुरयाउने उद्देश्य लिई नेपाल बौद्ध परियत्ति शिक्षाले जनमानसमा बुद्धधर्म सम्बन्धी सही शिक्षा दिँदै आएको प्रशंसनीय पक्ष हो । शिक्षित बौद्ध उपासकउपारिकाहरूले आफ्ना छोराछोरीहरूलाई बाल्यकालदेखि नै नैतिक शिक्षाको रूपमा परियत्ति शिक्षा पढाउन थालेको बुद्धशासनको सबल पक्ष मान्न सकिन्छ ।

बिभिन्न धर्म, बिभिन्न वाद फैलिरहेको आजको परिस्थितिमा परियत्ति शिक्षा हासिल गरेका व्यक्तिहरू सही धर्ममा स्वावलम्बी हुन सक्ने कुरामा दुईमत छैन । हाल परियत्ति शिक्षा हासिल गरेका जनशक्तिबाट नै विभिन्न संघसंस्थामा नेतृत्व प्रदान गरिरहेको छ । परियत्ति केन्द्रहरु संञ्चालनमा संलग्न छन् । बुद्धधर्ममा उच्च शिक्षा हासिल गर्न थेरवाद बुद्धिस्ट ऐकेडेमीको स्थापनामा पनि परियत्ति शिक्षाबाट उत्पादित जनशक्तिको ठूलो योगदान छ ।

यसरी त्रिशुली शहरबाट बिजारोपण भएको बौद्ध परियत्ति शिक्षा

*बाँकी ९ पृष्ठमा*

## नेपालमा थेरवाद बुद्धधर्मका अवसरहरू

✍ त्रिरत्न मानन्धर 'परियत्ति सद्धम्म कोविद'



थेरवाद प्रचार प्रसारको लागि अहिलेको समय विभिन्न अवसरहरुलेयुक्त समयको रुपमा लिन सकिन्छ । थेरवाद बुद्धशासनको पुनर्जागरण पश्चात भएका विभिन्न गतिविधिहरुले नेपालमा बुद्धधर्म प्रचार प्रसारको लागि नयाँ पूर्वाधारहरु खडागर्ने कार्य भएको छ । विशेष रुपले परियत्तिको स्थापना, बौद्ध संघ संस्थाहरुको स्थापना, बुद्ध शिक्षामा उच्च अध्ययनको लागि विश्वविद्यालयहरुको स्थापना, ध्यानकेन्द्रहरुको विस्तार, जनजातिहरुबाट धर्मप्रति देखाएको लगाव, संचार माध्यम, इन्टरनेटमा भएको सहजता आदिलाई थेरवाद प्रचार प्रसारको लागि महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ ।

धर्मको बारेमा जानकारी प्राप्त गर्न तथा गहन अध्ययनको लागि भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरु द्वारा अनुवाद गरिएका मूल पालिका साहित्यहरु नेपाली तथा नेपालभाषाबाट निरन्तर रुपमा प्रकाशन भईरहेका छन् । भिक्षुहरुव्दारा शुरु गरिएको पालिसाहित्य सम्बन्धि पुस्तकहरुको अनुवाद र लेखनको परम्परा हाल विव्दान गृहस्थहरुबाट पनि सम्पन्न भईरहेको छ । भिक्षु प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु अश्वघोष, भिक्षु सुदर्शन, भिक्षु ज्ञानपूर्णिक, अनागारिका धम्मवती,अनागारिका अग्गञाणी, धर्मरत्न शाक्य, दुण्डबहादुर बज्राचार्य, नानी मैया मानन्धर, रत्नसुन्दर शाक्य, दोलेन्द रत्न शाक्य, आदिहरुव्दारा लेखिएका, सम्पादन गरिएका र अनुवाद गरिएका पालि साहित्य सम्बन्धि ग्रन्थहरु धर्म प्रचारका लागि महत्वपूर्ण श्रोत तथा सामग्रीको रुपमा लिन सकिन्छ ।

छिमेकी देश भारतका विभिन्न प्रकाशन संस्थाबाट पनि पालि साहित्यका पुस्तकहरु नियमित रुपमा प्रकाशन भैरहेको छ, जसलाई धर्मअध्ययन र प्रचारको लागि महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ । भारतको इगतपुरीको विपस्सना विशोधन विन्यासबाट सम्पूर्ण पालिसाहित्य (पिटक र अर्थकथा समेत) देवनागरी लिपि र पालि भाषामा प्रकाशित भईसकेको छ । यसलाई आधार मानेर पालि साहित्यमा अनुदित नभएका ग्रन्थहरु नेपालको विभिन्न भाषामा अनुवाद

*बाँकी ८ पृष्ठमा*

## परियत्ति प्रतिज्ञा

**नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।**

निर्देशक
**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
अग्गमहापण्डित, शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
सह-शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा
मो. ९८४१२९७१८५

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
केन्द्रिय परीक्षा नियन्त्रक, मो. ९८५११६७५२५
**भिक्षु जनक**, मो. ९८४१६०९९२४
**त्रिरत्न मानन्धर**, मो. ९८४१३७९७६०
**मोनिस बज्राचार्य**, मो. ९८५११२०८३

कार्यालय सहयोगी
**मीरा महर्जन**, मो. ९८४९१२४९५०

कम्प्युटर सेटिङ्ग
**विनोद महर्जन**

प्रकाशन
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**दीक्षान्त समारोह समिति**

मुद्रणः
**आइडियल प्रिन्टिङ्ग प्रेस**
फोन: ५००७५६३, २१२०२३५

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

**सम्पर्क सचिवालय**
**विश्व शान्ति विहार**
**मीनभवन, काठमाडौं**
**मोबाईल नं : ९८४१३७७५२९**
P.O. Box: 8973 NPC 327
E-mail: pariyatti2556@gmail.com
Web: www.nepalpariyatti.com
https://sites.google.com/site/pariyattinepal
www.facebook.com /nepalbauddhapariyattishiksha

सम्पादकीय

# परियत्तिको स्तरवृद्धि तथा जनशक्तिहरुको परिचालन

त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद"

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाले आधाशताब्दी पार गरिसकेको छ। कुनै कार्यक्रम आधाशताब्दीसम्म निरन्तरता हुनु भनेको सामान्य कुरा होइन। यसको पछाडी धर्मप्रति अटल श्रद्धा नै हो। सफलतापूर्वक पार गरिसकेको उपलक्ष्यमा यसको स्वर्णमहोत्सव पनि विभिन्न कार्यक्रम गर्दै मनाउँदै अहिले समापनको क्रममा छ। यस शिक्षाले नेपालको बुद्धशासन अभिवृद्धिको लागि महत्वपूर्ण भूमिका निर्वाह गरिसकेको कुरा बौद्ध क्षेत्रले अनुभुति गरिसकेको छ। बुद्धको जन्मभूमिमा बुद्धको शिक्षाबारेमा जानकारी प्राप्त परियत्तिका विद्यार्थीहरूको संख्या उल्लेख्य अभिवृद्धि गौरवको कुरा हो। तर अध्ययन गरेका ती विद्यार्थीहरूबाट शासनिक कार्यमा योगदान पुर्‍याउने कार्य भएमा यसको महत्व अझ बढ्ने छ। यसको लागि सम्बन्धित पक्षले सोच्नु पर्ने बेला आएको छ। परियत्ति शिक्षा अध्ययन गरीसकेका ती विद्यार्थीहरूलाई बुद्धशासन अभिवृद्धिको मूलधारमा लगाउने र त्यस कार्यको व्यवस्थापन गर्न नेपालको थेरवाद बुद्धशासनको छाता संगठनको रूपमा रहेको अखिल नेपाल भिक्षु संघ, परियत्ति समिति तथा परियत्ति परिषदले विशेष रूपले सक्रिय हुनुपर्ने आवश्यकता महसुस भईरहेको छ। हुन त परियत्ति अध्ययन सम्पन्न गरेका केही परियत्तिका उत्पादनहरू विभिन्न बौद्ध गतिविधिमा सरीक भईरहेका छन्। यो सन्तोषको विषय हो तर उल्लेखनीय संख्याका परियत्तिका उत्पादनहरूलाई बौद्ध क्षेत्रबाट समेटिन सकेको छैनन् र केही विभिन्न कारणले टाढिन पुगेका पनि छन्। परियत्ति अध्ययन गरेर धर्मप्रति श्रद्धा उत्पन्न गरिसकेका ती जनशक्तिहरूलाई संग्रह गरेर शासनको मूलधारमा समेटिन सके नेपालको बुद्धशासन अभिवृद्धिको लागि महत्वपूर्ण योगदान हुन सक्दछ।

यसको लागि विद्यमान परियत्तिका जनशक्तिहरूको अझ स्तर वृद्धि गर्दै ठोस योजना सहित बुद्ध धर्म प्रचार प्रसारमा परिचालन गराउनु महत्वपूर्ण कार्यको रूपमा लिन सकिन्छ। उनीहरूको अझ स्तर वृद्धि गरेर महत्वपूर्ण कार्यमा सरीक गराउनु बौद्ध क्षेत्रको महत्वपूर्ण कर्तव्य हो भन्ने कुरा सम्बन्धित पक्षले महसुस गरी आवश्यक पाईला चाल्नु आवश्यक भएको छ।

परियत्तिका ती जनशक्तिहरूलाई विभिन्न किसिमबाट धर्म प्रचारको माध्यमको रूपमा परिचालन गर्न सकिन्छ। अनुसन्धानको यस युगमा परियत्ति जनशक्तिलाई सकेसम्म अनुसन्धान कार्यमा लगाई धर्मलाई समय सापेक्ष रूपमा प्रस्तुत गराई यसको महत्व जनमानसमा प्रभावकारी रूपले प्रस्तुत गर्न प्ररित गर्न सकिन्छ। विभिन्न अनुसन्धान तथा लधुअनुसन्धानका कार्यक्रमहरूको व्यवस्था गरी उनीहरूको स्तर उन्नति तथा बुद्धको शिक्षालाई समय सापेक्ष रूपमा विश्लेषणगरी बौद्धिक क्षेत्रबाट सहज ग्रहण योग्य बनाई शासनलाई लाभान्वित गर्न सकिन्छ। उनीहरूलाई महत्वपूर्ण बौद्ध साहित्यहरूको अनुवाद तथा लेखनमा प्रेरित गरी साहित्यको भण्डार बढाउन सकिन्छ साथै उनीहरूलाई नेपालका विभिन्न जिल्ला तथा परियत्ति केन्द्रहरूमा धर्मदूतको रूपमा पठाएर धर्म प्रचारमा उनीहरूलाई अनुभव बटुल्ने अवसर दिनुको साथै परियत्तिका स्थानिय केन्द्रको विकासमा महत्वपूर्ण योगदान गराउन सकिन्छ।


केही बर्ष अगाडी देखी परियत्तिको विद्यमान स्तरलाई अभिवृद्धि गरि यसमा एक तह बढाएर २ वर्षे परियत्ति विशारद पाठ्यक्रमलाई समावेश गर्ने कुरा बाहिर प्रकाशमा आईरहेको छ। परियत्तिको स्तर वृद्धि गर्ने सदिच्छा दिवंगत परियत्तिका संस्थापक संघनायक भिक्षु बुद्धघोष महास्थविरको पनि थियो। उहाँको सदिच्छा साकार गरेर वर्तमान आवश्यकतालाई पनि परिपूर्ति गर्न दुई वर्षे परियत्ति विशारद पाठ्यक्रममा विशेष गरी बौद्ध पुस्तक तथा साहित्य लेखन, शोध ग्रन्थको लेखन, नेपालको कुनै एक परियत्ति केन्द्र भएको जिल्लामा परियत्ति विकास सेवा अन्तर्गत खट्नुपर्ने प्रावधान राखेर परियत्तिको स्तरवृद्धि र परियत्ति जनशक्तिहरूको परिचालन गर्न सकिन्छ।

हुनत धर्मको कार्य श्रद्धाबाट प्रेरितभई गरिने कार्य हो र स्वयंसेवकको रूपमा यसलाई अगाडी बढाउनु आवश्यक हुन्छ। तथापि अहिलको समयमा पूर्णरूपमा स्वयंसेवी भएर परिचालन हुनु गृहस्थहरूको लागि समय सापेक्ष नहुन सक्छ। त्यसकारण आर्थिक रूपमा केही पारिश्रमिकको पनि व्यवस्थागर्नु आवश्यक हुन्छ। गृहस्थिको रूपमा उनीहरूलाई पूर्णरोजगार नभएपनि अर्धरोजगारको रूपमा केही पारिश्रमिकको व्यवस्था गर्नसके यस्ता कार्यक्रमहरूको निरन्तरता सहज रूपमा हुन जान्छ। यस तरिकाले परियत्ति जनशक्तिहरूको परिचालन गर्नसकेमा एकातिर विद्यार्थीहरू परियत्ति अध्ययनमा अझ बढी अभिप्रेरित हुने वातावरण बन्नेछ भने अर्कोतिर उनीहरूलाई विभिन्न ठाउँमा धर्मदूतको रूपमा पठाएर शासन अभिवृद्धिमा विशेष योगदान दिन सकिन्छ।

# जीवनका खुड्किलाहरूमध्ये एउटा खुड्किला पार गरेको महसुस भइरहेको छ

## अन्तवार्ता

**भक्तपुरमा वि.सं. २०४६ मा जन्मनु भएका भिक्षु बुद्धपियो (सुजल बज्राचार्य) ले बु.सं. २५५८ मा संचालित परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम ल्याउन सफल हुनुभएको छ। विश्व शान्ति विहारमा बसोबास गर्नुहुने उहाँले त्रिभुवन विश्वविद्यालय स्थित बुद्ध धर्म तथा सामाजिक शास्त्रमा स्नातक अध्ययनरत हुनुहुन्छ। उहाँसँग भिक्षु जनकले गर्नुभएको संवादको केही अंश –**


भिक्षु बुद्धपियो, विश्व शान्ति विहार

**परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुनुभएको छ, कस्तो लागिरहेको छ त तपाईलाई ?**

एकदमै खुसी लागिरहेको छ, कुनै पनि विषयमा सफल हुँदा सुखी तथा हर्षित हुनु स्वभाविक हो । आफूले गरेको मेहनत अनुसारको प्रतिफल पाएकोमा बढि खुसी लागिरहेको छ । थाइल्याण्ड, बर्मा, श्रीलंका जस्ता देशहरूको तुलनामा नेपालमा बुद्ध धर्मको अध्ययन अध्यापन एकदमै कम छ, तै पनि कोविद सकाउने मेरो एउटा लक्ष्य पूर्ण भएको छ । यसमा सफल भएबाट जीवनका खुड्किलाहरूमध्ये एउटा खुड्किला पार गरेको महसुस भइरहेको छ ।

**तपाईको सफलताको कारणहरू ?**

पढाईको क्रममा जुन विषय पढिरहेको हुन्छु त्यसमा एकाग्र भई किताबमा नै पूरा ध्यान दिएर पढ्ने बानीले मलाई यसमा सफलता मिलेको जस्तो लाग्छ। प्रव्रजित भएको कारणले पनि मलाई यो शिक्षामा अझ बढि समय दिन सकें । अध्ययन अध्यापनको क्रममा प्रेरणा दिनुहुने गुरूवर भन्तेहरू, गुरूमाँहरू तथा शिक्षकशिक्षिकाहरूको प्रेरणा प्रमुख कारण हो । घर परिवारबाट पनि मलाई चाहिने जति प्रोत्साहन प्राप्त भएको अनुभव हुन्छ ।

**बौद्ध परियत्ति शिक्षाले तपाईको भविष्य निर्माणमा अनि जीवनमा कस्तो प्रभाव पारेको छ जस्तो लाग्छ ?**

हामीले जीवनमा विभिन्न विषयका शिक्षाहरू अध्ययन तथा अध्ययापन गर्छौं । मैले अध्ययन गरेको विषयहरूमध्ये परियत्ति शिक्षा मेरो जीवनमा सकारात्मक प्रभाव रहेको छ। अझ भनौं भने यस शिक्षाले मेरो जीवनमा शिक्षा प्रतिको विचारमा नै सकारात्मक परिवर्तन ल्याइदिएको छ ।

साँच्चै भन्नु पर्दा म गृहस्थ अवस्थामा पढाइमा धेरै नै कमजोर थिएँ । त्यतिबेला मलाई पढाईमा एक थोपा पनि उत्सुकता थिएन । कक्षा ५ सम्म त मैले स्कुलमा के पढें के पढिन मलाई मतलब नै हुँदैन थियो । जब म विश्व शान्ति विहारमा प्रव्रजित भई कक्षा ६ मा भर्ना भएँ, तब देखि मैले परियत्ति शिक्षा पढ्ने मौका पाएँ । अरू विषयमा मलाई मतलब नभए पनि परियत्ति शिक्षाको कक्षामा खुब मन दिएर कक्षामा बस्थें । माघ महिनामा परीक्षा दिएँ र त्यसको नतिजा पाउँदा म अति हर्षित भएँ । जीवनमा पहिलो पटक म पहिलो श्रेणीमा उतीर्ण भएछु । त्यो सफलताले मलाई महसुस हुन थाल्यो कि मन लगाएर, ध्यान दिएर पढ्यो भने सफल हुने रहेछ। यसलाई जस्तै अरू विषयको पनि महत्व बुझेर मन दिइ पढ्यो भने त नसकिने रहेनछ। त्यसपछि विस्तारै अरू विषयहरूमा पनि मन एकाग्र गरेर पढ्दै गएँ र सफलता पनि हासिल गर्दै गएँ ।

बिस्तारै गुरूवर भन्तेहरू, मेरो परिवार, शिक्षकशिक्षिकाहरू, साथीहरूले मलाई राम्रो विद्यार्थीको रूपमा हेर्न थाल्नु भयो । प्रव्रजित भएको साढे २ वर्षमा नै मलाई गुरूवर भन्तेहरूले तेजिलो विद्यार्थीहरूको सूचीमा राखी बर्मा पठाउँदा म आफै देखि अचम्ममा परें "यो मेरो जीवनमा के भइरहेको छ" । साँच्चै भन्नु पर्दा परियत्ति शिक्षाको आगमनले मेरो विचार नै परिवर्तन भएको महसुस हुन्छ ।

यस शिक्षाले मलाई सकारात्मक रूपमा व्यवहारिक क्षेत्रमा प्रभाव पारेको छ । मेरो जीवनमा धैयवान्, मेहनती, लगनशील, बोलिवचन आदि धेरै क्षेत्रमा सकारात्मक परिवर्तन पाएको छु ।

**परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनु भएको छ ?**

संसारमा मानिसहरूले आवश्यकता अनुसार विभिन्न शिक्षाहरूको प्रतिपादन गरेका छन् । हरेक शिक्षाको आ-आफ्नै महत्त रहेको छ। जीवनमा सफलता हासिल गर्न इन्जिनियर, डाक्टर, पाइलट, आदि ठूला व्यक्ति हुनुको साथसाथै नैतिकवान्, चरित्रवान् हुनु पनि अति आवश्यक हुन्छ। आज राजा, नेता, मन्त्री, डाक्टर, इन्जिनियर, आदि भनाउदाहरू पनि सुखी छैनन्, किन ? किनभने उनीहरूमा लोभ, द्वेष, अज्ञानता, अभिमान, ईर्ष्या आदिले मनमा अझ बाकि छ। जीवन शान्तमय र सुखमय बनाउनको लागि त यी मनका फोहरहरू हताउन सक्नु पर्छ । जुन फोहरहरू हताउन परियत्ति शिक्षाले हामीलाई व्यवहारिक ज्ञान दिन्छ ।

आजको समाजमा नियालेर हेर्ने हो भने समाजमा सहि ज्ञानको कमीले गर्दा भनौं वा कर्तव्यनिष्ठ नभएको कारणले गर्दा भनौं बुबा-छोरा, दाजु-भाइ, दिदि-बहिनीहरूमा झै-झगडा दिनानुदिन बढ्दै आइरहेको देखिन्छ । छोराछोरीले आफ्नो आमाबुबाप्रति, आमाबाबुले छोराछोरीप्रति, स्त्रीले पुरूषप्रति, पुरूषले स्त्री प्रति, मालिकले नोकरप्रति र नोकरले मालिकप्रति आदि पालना गर्नु पर्ने कर्तव्यहरूको बारेमा व्यवहारिक ज्ञान परियत्ति शिक्षाले दिन्छ।

यी विभिन्न क्षेत्रहरूलाई नियालेर हर्ने हो भने आजको समाजमा परियत्ति शिक्षा एक सानो बच्चादेखि बुढापाखासम्म, एक सर्वसाधारण मानिस देखि मन्त्री नेता सम्म आवश्यक छ ।

अन्य सरकारी शिक्षाहरूमा यी कुराहरू हुँदै नभएको त होइन तर परियत्ति शिक्षाको तुलनामा धेरै न्यून देखिन्छ ।

**परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

परियत्ति शिक्षा कुनै पनि व्यक्तिलाई नैतिकवान् र चरित्रवान् बताउने व्यवहारिक शिक्षा भएकोले नेपालको सन्दर्भमा यस शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गराउन अति आवश्यक छ । किनकी यो। यो शिक्षालाई सरकारी शिक्षाको मान्यता प्रदान गराउन सजिलो कुरा त पक्कै पनि होइन। तर असम्भव भने होइन । अहिलेको परिस्थितिलाई हेर्दा हामी बौद्धहरू जति एकजुड भएर काम गर्नु पर्ने हो

बाँकी पृष्ठ ५ मा

# Surkhet Pariyatti Board Exam Observation cum METTA Volunteering 2015

**Reported By: Gautam Maharjan**

1. **Background:**
   - Rural life, majority of ethnic Magar, tradition life style in remote hillsides,
   - Cold in winter and hot in summer at Gutu and Badichaur in Surkhet area (Mid-Western Development Region of Nepal).
2. **Volunteers:**
   a. *Om Maharjan, Anup Maharjan& Gautam Maharjan.*
   b. *Heling Hands: Ven. Pragyananda, Ven. Tissa, Ratan Namjali, Ratna Bahadur Darlami, Bimal Marshangi.*
3. **Purpose:**
   a. *Stationery Distribution.*
   b. *2558 Nepal Buddhist Pariyatti Board Exam Observation.*
4. **Destination:**
   a. *Shree Bal Jyoti Primary School at Tarapani, Gutu-4, Surkhet.*
   b. *Chaukune Buddha Vihara at Gutu-8, Surkhet.*
   - Established: 2068 BS (2011 AD)
   - Initiated by putting a Buddhist Flag.
   - Unwanted people hurled the flag away; the complaint went to local government bodies to District Administration Office.
   - In 2069 BS (2012 AD), the small hut was built.
   - In 2012, Buddha Statue was brought in initiation of Novices: Punyavara and Dev Dhamma in which Ven. Gyanendra and Ven. Pragyanada did big contribution.
   - Application for area of 50 ropani to Vihara in Gutu Village Development office was passed formally and paid Rupees 500 as land revenue per annum to VDC.
   - Vihara area is waiting fund to be fenced and construction.
   - Scope to be a meditation Centre.
   - Pariyatti Examinees in 2014 was 73 (from whole Surkhet).
   - Pariyatti Examinees in 2015 was 47.

   c. *Bodhigyan Tapobhumi Buddha Vihara at Kunathari-4, Badichaur, Surkhet.*
   - Established: 2052 BS (1995 AD)
   - During insurgency period, Maoists asked for a day shelter. But they started digging bunker for long run post. Local Magars gave 24 hours ultimatum to evacuate the spot otherwise to heat with stones. Agreed and shifted to nearby hill.
   - Inauguration of stupa: 2057 Magh 15 (2000AD).
   - Put fence round the vihara area.
   - Area: 3.15 Hector.
   - Registered at District Administration Office in 2069 Mangsir 26 (2012 AD)
   - Registration No. 658.
   - Vihara is waiting fund to be constructed.
   - Scope of being a centre for Surkhet area.
   - Pariyatti Examinees: 60 in 2015.
5. **Date: 14 – 19 Jan. 2015.**
6. **Distance: Kathmandu to Gutu, Surkhet around 760 km.**
7. **Time Duration: 2 days by bus.**
8. **Expenditure:**
   *Total expense was NRS 18000 in which volunteers contributed NRS 8000 for lodging and fooding.*



**Action:**

WE moved by bus at 4:50 pm on 14 January. Tired of night journey, we reached Surkhet at 11 am, took breakfast cum lunch at 12:30 pm on 15 January. Enjoyment visiting at historic Kankre Vihara, Bulbule Tal and taking special bread on auspicious Maghi Festival at Tharu home refreshed us.

On 16 January, after breakfast we headed to Gutu with Ven. Pragyananda, ven. Tissa and Ratan Namjali. Immediately after reaching at Gutu, we walked for 1:30 hrs. to Shree Bal Jyoti School with help of local stakeholders. Remembering/Thanking kind well-wishers and telling METTA Volunteers' Mission: MORAL STRENGTH and SOCIAL RESPONSIBILITY including 5 precepts directed by Lord Buddha, we all shared happiness distributing METTA Exercise Books, pencils, sharpener and eraser to 50 pupils including 10 ex-students of the school.

On 17 January, we observed Nepal Buddhist Pariyatti Board Exam at Chaukune Buddha vihara. There we distributed dot-pen to all the examinees along with METTA Exercise Book. After interviewing briefly to stakeholders, we headed to Badichaur.

On the way by bus, it was amazing experience; for not allowed to travel by standing on bus as we didn't get seats, three of us needed to walk 10 minutes each from each check post at three police check points. Traveling through bumpy, bustling, narrow and windy roads, we got off at Badichaur.

It was a surprise for us to see all the examinees of Bodhi Gyan Tapobhumi Buddha Vihara attending Pariyatti Exam sitting on stone seats set on the ground in line due to lack of furniture. The examinees are from school students to grandfather from different fields (teacher, lawyer to retired army) coming from different parts of Surkhet.

Our night stay was memorable in monastery; local children brought blankets and bed-clothes from their home for us. Nextday, we assisted the pariyatti students in preparing bread and breakfast in the chilling winter morning. 4 students guided us from Badichaur to Kalyan-Lakarpata- Lamakhali to Badichaur, a 4 hrs journey on foot excluding half an hour bus journey. Beautiful hills, swirling fog, chilling wind and beautiful scenery made us forget up/down walks.

Besides, it was amazing to meet the roaming sheep grazing groups from upper mountainsides. Enjoying snaps with them, we kept on walking. From Lamakhali hill, we viewed Humla and Jumla hills. Swirling Bheri River and localities are so beautiful.

Hurriedly we climbed down to Badichaur to catch the bus to Surkhet. With special plea to local police and bus driver, we



got in bus. Somehow, reaching at Surkhet at 4 pm, we headed to Kathmandu immediately with reserved seats.

Sincere vandana to Ven. Bodhijnana Mahathero for allowing us to observe Pariyatti Exam and thanks to Ratan Namajali for all settings in Surkhet.

**Feelings:**

It was hurried and adventurous journey. Uncertain time due to political rumor of strikes, we had to shorten our journey.

However, new place, culture and people with dhamma motive made our journey jovial. We saw fence of wooden logs rather small sticks, Tharu special festival on Maghi (first day in Magh), typical rural life: hospitality in simplicity, wonderful but ruined Kankre Vihara and of course meeting roaming highlanders grazing sheep in lowland kharka and remote hillsides made our journey incredible despite a lot of hardships, short of sleep, nausea in bus, chilling cold along with tiresome walks every day.

WE pay our sincere gratitude to Nepal Buddhist Pariyatti Education and all the kind well-wishers for your cooperation.

**Weakness:**

Many programs at short time frame unable us to get detail information and adjust/interact with locals.

**Strengths:**

Will power to enjoy sharing happiness cultivating moral strength has become our boost. Kind cooperation and guidance of stakeholders ease our journey at distant places.

**Achievement:**

1. Shard happiness distributing stationery to needy pupils of remote Shree Bal Jyoti Primary School at Tarapani, Gutu-4, Surkhet.
2. Observed Nepal Bauddha Pariyatti Board Exam at Chaukune Buddha Vihara at Gutu-8 and Bodhu Gyan Tapobhumi Buddha Vihara at Kunathari-4, Badichaur, Surkhet.
3. Collected brief information of monasteries from local stakeholders.
4. With grace of all the kind well-wishers, contribute NRS. 12000 for a water tank to Bodhi Gyan Tapobhumi Buddha Vihara, Badichaur, Surkhet.
5. Motivated local stakeholders and students to enroll in Pariyatti education.
6. Sharing happiness posting photos and information of the visit.

**Future:**

1. Share information and connect well-wishers for construction and further helps in such places. ♦

***May We All Have Happiness Together In Noble Deeds!!!***

## जीवनका खुड्किलाहरू......

त्यो भइरहेको देखिन्दैन । परियत्तिको लागि काम गर्नेहरू रात दिन पनि काम गरिरहेका छन् भने काम नगर्नेहरू त्यतिकै बेवास्ता गरिरहेका पनि छन् । सबैले यस शिक्षाको महत्तलाई बुझी एक जुड भई अघि बढेको खण्डमा चाँडै नै त्यो सफलता हासिल गर्न सकिन्छ जस्तो लाग्छ । यसै सन्दर्भमा बुद्धधर्म विषयमा स्नातकोत्तर तह ९:७० को अध्ययन भइरहेको सरकारी मान्यता प्राप्त लुम्बिनी विश्व विद्यालय अन्तर्गत रहेर सञ्चालन भइरहेको थेरवाद बुद्धिष्ट एकेडेमी सँग नेपाल बौद्ध परियत्ति शिक्षाले सहकार्य गरी अघि बढ्ने कोशिश पनि भइरहेको छ ।

**तपाईले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनु भयो ?**

परियत्ति शिक्षाको क्षेत्रमा केही कमजोरीहरू पनि मैले पाएको छु । यस्तो खालको प्रश्नमा म प्राय विद्यार्थीहरूको एउटै गुनासो र उत्तर देख्छु कि पाठ्य पुस्तकहरूको अभाव र उपलब्धता मा कठिनाई । कुनै कुनै पाठ्य पुस्तकहरू नेपाली भाषामा पाउन गाह्रो छ । जसले गर्दा पढ्ने इच्छा भएर पनि धेरैले पढ्न सकिरहेको अवस्था छैन । कक्षा ७ देखि १० सम्म अझै राम्ररी अध्ययन अध्ययापन हुन सकिरहेको छैन । शिक्षकशिक्षिकाहरूलाई पनि आवश्यक तालिमका कार्यक्रमहरू पनि गर्न सकिरहेको छैन । म देख्छु कि विद्यार्थीहरूलाई कक्षा १ देखि ३ सम्म चित्रहरू सहितको किताबहरूले धेरै आकर्षित भएका छन् । तर कक्षा ४ देखि माथि विद्यार्थीहरूले त्यति रूचि नै राखेको देख्दिन । परियत्ति शिक्षा जानेर बुझेर व्यवहारमा लागु हुने विद्या भन्दा पनि घोकन्ते विद्या बढि केन्द्रित भएको जस्तो लाग्छ, जसले गर्दा विद्यार्थीहरूलाई दिलचस्वी नभएको जस्तो देखिन्छ । साथै यस शिक्षामा रूचि राख्ने बाजे बाज्यैहरूले कक्षा ३ सम्म मौखिक परिक्षा दिन्छन् र त्यस भन्दा माथि पनि पढेर परिक्षा दिने इच्छा राख्छन् । तर त्यसको व्यवस्था हुन सकेको छैन ।

**यी कमजोरीहरूलाई कुन रूपमा समाधान र सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

परियत्ति शिक्षाको क्षेत्रमा देखिएका कमजोरीहरूलाई हटाउँदै लैजान सक्नु पर्छ । विद्यार्थीहरूलाई सजिलो हुने गरी पाठ्यपुस्तकहरू उपलब्ध गराउन सक्नु पर्छ । त्यसको लागि खालि परीक्षा अघि मात्र नभई अहिले देखि नै ध्यान दिनु पर्छ । दक्ष र क्षमता भएका व्यक्तिहरूको सहयोग लिएर पुस्तकहरू नेपाली भाषामा अनुवाद गर्नु पर्छ । समय समयमा शिक्षक तालिम दिनु आवश्यक छ, जसबाट कसरी पढाउँदा सजिलो र विद्यार्थीहरूले बुझ्ने तथा आकर्षित हुने भन्ने कुरा थाहा हुन्छ । अनि दक्ष व्यक्तिहरू एकै ठाउँमा नबसी ठाउँठाउँमा फैलिएर यो शिक्षा प्रचारप्रसार गरेमा अझ परियत्ति शिक्षाको विकास होला जस्तो लाग्छ । युवाहरूलाई बुद्ध धर्ममा अभिरूचि देखाउनको लागि भए पनि पाठ्यक्रम परिमार्जन गर्नु पर्ने जस्तो मलाई लाग्छ ।

**कोविद पछिको भावी योजना के छ ?**

नेपालको सन्दर्भमा कोविद सकिनु ठूलो जस्तो लागेता पनि अझ मैले बुद्ध धर्मको बारे सिक्नुपर्ने कुराहरू धेरै बाकि छ । अहिले म पाटन क्याम्पसमा पनि BA मा Buddhism विषय लिएर अध्ययन गरिरहेको छु । मौका मिलेको खण्डमा अब अन्तिम बर्ष सकेर अझ उच्च तहको बुद्ध शिक्षाको लागि विदेशमा गएर अध्ययन गर्ने विचार छ । यो मौका प्राप्त भएन भने नेपालमै अध्ययन गर्ने र हाल केन्द्राध्यक्ष भइ काम गरिरहेको बुलुस्थित बौद्ध शान्ति परियत्ति केन्द्रमा परियत्तिको अझ विकास गर्दै जाने विचार छ । साथै नेपाल बौद्ध परियत्ति शिक्षामा पनि आफुले सक्ने सहयोग गर्ने विचार छ ।♦

# परियत्ति गतिविधिहरू

## अखिल नेपाल भिक्षु महासंघको साधारण सभा सम्पन्न

२०७१ चैत्र ४ गते । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा दुई दिने अखिल नेपाल भिक्षु महासंघको साधारण सभा सम्पन्न भएको छ । पहिलो दिन संघ समागममा अखिल नेपाल भिक्षु महासंघद्वारा गठित विभिन्न उपकमितिका संयोजकहरु भिक्षु कोलित, भिक्षु पियदस्सी, भिक्षु धर्ममूर्तिबाट आ-आफ्नो कार्यक्षेत्रका कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । दोश्रो दिनका बिहानी सत्रमा आर्थिक प्रतिवेदन कोषाध्यक्ष भिक्षु शोभित महास्थविरले दिनुभएको थियो भने ने.बौ.प. शिक्षाको बार्षिक प्रतिवेदन केन्द्रीय परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरले प्रस्तुत गर्नुभएको थियो । लुम्बिनी विहारसम्बन्धी आर्थिक प्रतिवेदन लुम्बिनी थेरवाद विहार निर्माण कमिटीका संयोजक भिक्षु धर्ममूर्तिले प्रस्तुत गर्नुभएको थियो । दिवा सत्रमा महासचिव भिक्षु कोण्डन्य महास्थविरबाट बार्षिक प्रतिवेदन तथा अघिल्लो दिन समागममा प्रस्तुत गरिएको कार्यपत्रसम्बन्धी स्पष्टीकरण तथा अनुमोदन गरी कार्यक्रम सम्पन्न भएको थियो ।

## परियत्तिको ५१ औं दीक्षान्त सम्पन्न

काठमाडौं, २०७० चैत्र २९, शनिबार । नेपालका लागि श्रीलंङ्काका राजदुत डब्लू एम सेनिवेरतन नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र




विस्तारको लागि श्रीलंका सरकार सहयोग गर्न तत्पर रहेको बताउनुभएको छ । बुद्ध धर्म सम्बन्धी नेपालको पहिलो औपचारिक शिक्षा नेपाल बौद्ध परियत्ति शिक्षा २०७० को ५१ औं दिक्षान्त समारोहमा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो । राजदुत सेनिवेरतनले बुद्ध जन्मभूमि नेपालमा बुद्धको नैतिक, आध्यात्मिक शिक्षा फैलाउन परियत्ति शिक्षाको भूमिकाको सराहना गर्दै यसलाई सरकारी मान्यता दिलाउन पहल गर्नुपर्ने खाँचो औल्याउँनुभयो ।श्रीलंङ्कामा धर्म स्कुलका स्थापना गरी बुद्धको शिक्षाको पढाउँदै आएको उदाहरण दिदै राजदूत सेनेभीरतनले नेपालमा पनि सरकारी मान्यता लिएर सोही रुपमा पठनपाठन गराउनुपर्ने धारणा राख्नुभयो । राजदूत सेनिवेरतनले यस वर्ष गत माघमा संञ्चालित परियत्ति शिक्षामा बोर्ड हुने उत्तीर्ण हुने विद्यार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । यस वर्ष ६४ नियमित र १२ प्राईभेट गरी ७६ परीक्षा केन्द्रबाट जम्मा ४ हजार विद्यार्गीहरुले परियत्तिको परीक्षा दिएको थियो । परियत्ति शिक्षाको १० वर्षको कोर्श सद्धम्म कोविदमा अनागारिका वण्णवती बोर्ड प्रथम हुनुभएको हो । सोही अवसरमा लुम्बिनी विश्वविद्यालयका निर्वतमान उपकुलपति प्रा.डा त्रिरत्न मानन्धरले परियत्ति शिक्षालाई राज्यस्तरबाट बौद्ध विहार (मोनास्ट्रिक एजुकेशन) शिक्षाको मान्यता दिलाउन गृहकार्य भईरहेको बताउनुभयो ।उहाँले हाल हाल त्रिभुवन विश्वविद्यालय र लुम्बिनी विश्वविद्यालयमा बुद्ध शिक्षा र दर्शन बारे स्नातक र स्नातकोत्तर अध्ययन भईरहेको सर्न्दभमा परियत्ति शिक्षालाई सरकारी मान्यता दिलाउन लागिएको जानकारी दिनुभयो ।नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान र परियत्ति शिक्षा परिषद्का सचिव भिक्षु निग्रोधले परियत्ति शिक्षालाई समयसापेक्ष, परिवतिर्त परिस्थिति अनुरुप अघि बढाउन भईरहेका तयारीहरु बारे जानकारी दिदै परियत्ति शिक्षा समग्र सुधार बारे आ आफनो भनाई राख्नुभयो । अखिल नेपाल भिक्षु महासघंका अध्यक्ष भिक्षु ज्ञानपूणिर्ण महास्थविरले परियत्ति शिक्षाले देशमा शान्ति र सकारात्मक सोच निर्माणमा महत्वपूर्ण योगदान पुर्याएको बताउनुभयो । हाल काठमाडौं उपत्यका लगायत मुलुकका ३० जिल्लामा कक्षा १ देखि १० सम्म निश्चित पाठयक्रम बनाई यो शिक्षा पठनपाठन हुँदै आएको छ । हालसम्म ३० हजारले सो शिक्षा हासिल गरिसकेका छन् । (साभार : नेपाल समाचारपत्र)

## यशोधरा परियत्ति शिक्षालयमा पुरस्कार वितरण

२०७१ बैशाख १८ गते । ललितपुर उपमहानगरपालिकाका पूर्व मेयर तथा भूपू मन्त्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा यशोधरा परियत्ति केन्द्रमा नेपाल बौद्ध परियत्ति स्वर्ण महोत्सव अर्न्तगत सम्पन्न निबन्ध प्रतियोगिता नि:शुल्क स्वास्थ्य शिविर तथा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ ।

उक्त कार्यक्रम अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बुद्धिराज बज्राचार्य, भिक्षु ज्ञानपूर्णिक महास्थविर, रमिला शाक्य आदि व्यक्तिहरुले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

## रानीपानीमा परियत्ति पुरस्कार वितरण

२०७१ जेठ ३ गते । नेपालका पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको प्रमुख आतिथ्यमा यस केन्द्रमा परियत्ति पुरस्कार वितरण समारोह




सम्पन्न भएको छ । यही कार्यक्रमको अवसरमा रानीपानी, देवभूमि बालुवा गाविस, चौतारास्थित पालि र नेपालीसहित मंगल सूत्र शिलापत्र पनि अनावरण गरिएको थियो । उक्त अवसरमा डा.बाबुराम भट्टराई लगायत सविता धाख्वा, भिक्षु बोधिज्ञान तथा उक्त केन्द्रका केन्द्राध्यक्ष दिनेश चौधरी आदि वक्ताहरुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । परियत्ति विद्यार्थीहरुबाट साँस्कृतिक प्रस्तुतीहरु पनि पेश गरिएको थियो ।

## बौद्ध महिला संघद्वारा परियत्ति पुरस्कार प्रदान

२०७१ जेठ ९ गते । बौद्ध महिला संघको आयोजनामा बुद्ध विहारमा कार्यक्रम सम्पन्न भएको छ । परोपकार उ.मा.वि.मा अध्ययनरत परियत्ति विद्यार्थीहरुलाई तत्कालीन लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति डा. त्रिरत्न मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न भयो । अ.ने.भि. महासंघका

संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण महोत्सवको उपलक्ष्यमा महिला बौद्ध संघ, नेपालको आयोजनामा मब्बरु स्कूलमा सफलतापूर्वक सम्पन्न भएको परियत्ति संरक्षण सम्बर्द्धन विषयक दुई दिने कार्यशाला गोष्ठीमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुने महानुभावहरुलाई कदरपत्र पनि प्रदान गरिएको थियो ।

कार्यक्रममा अ.ने.भि. महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविर एवं महासचिव भिक्षु कोण्डन्यले पनि कार्यक्रममा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## रत्नकीर्ति विहारमा परियत्ति पुरस्कार वितरण सम्पन्न

२०७१ जेठ ९ गते । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा उक्त परियत्ति केन्द्रका केन्द्राध्यक्ष अनागारिका जयवतिले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## सुलक्षणकीर्ति विहारमा परियत्ति पुरस्कार वितरण

२०७१ जेठ १५ गते । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा देवकाजी शाक्यद्वारा लिखित डा. अनोजा गुरुमाँको जीवनी पुस्तकको पनि विमोचन गरिएको थियो ।

## मुनि विहारमा परियत्ति पुरस्कार वितरण सम्पन्न

२०७१ जेठ १७ । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्य तथा मुनि विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष रामकृष्ण वैद्यको सभापतित्वमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम भक्तपुर क्षेत्रबाट सर्वप्रथम कोविद उत्तीर्ण भएका विद्या शाक्य र तुल्सीकाजी मानन्धरहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रमको आयोजना युवा बौद्ध पुचः, भक्तपुरबाट भएको थियो ।

कार्यक्रममा भिक्षु विपस्सीधम्मारामो, जुनुबासुकला, भिक्षु बोधिज्ञान तथा सम्मानित द्वयले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बुद्ध जयन्ति समारोहका लागि विशिष्ट व्यक्तित्वहरुलाई कदरपत्र प्रदान गरिएको थियो ।

## ललितविकास निमाविमा परियत्ति पुरस्कार वितरण

२०७१ जेठ २१ गते । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । स्मरणीय छ, उक्त स्कूलमा ६, ७ र ८ मा परियत्ति सञ्चालनमा रहेको छ र यसका लागि मेत्ता भोलन्टरले सहयोग गरिदै आएको छ ।

## धर्मकीर्ति विहारमा परियत्ति पुरस्कार वितरण

२०७१ जेठ ३१ । श्रीलंकाका महामहिम राजदूत Mr. W.M. Senevirathna को प्रमुख आतिथ्यमा श्रद्धेय संघनायक अश्वघोष महास्थविरको ८८ औं जन्मोत्सव तथा नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सवको उपलक्ष्यमा अन्तर परियत्ति केन्द्र वक्तृत्वकला तथा चित्रकला प्रतियोगितको पुरस्कार वितरण तथा शुभजन्मोत्सव समारोह सम्पन्न भएको छ ।

कार्यक्रम अनागारिका चमेलीको सभापतित्व सम्पन्न भएको थियो भने कार्यक्रममा निर्णायक मण्डलहरुलाई पनि मायाको चिन्ह प्रदान गरिएको थियो ।

## जयमंगल विहार अर्न्तगत तःजः मिसाः पुचःद्वारा पुरस्कार वितरण

२०७१ असार ७ गते । समाज कल्याण महाशाखाका वरिष्ठ अधिकृत अशोक श्रेष्ठको प्रमुख आतिथ्य तथा तःजः मिसाः पुचःको आयोजनामा परियत्ति पुरस्कार वितरण सम्पन्न भएको छ । कार्यक्रम दुई चरणमा सम्पन्न भएको थियो भने गोदावरीस्थित धम्मकाय विहारमा सम्पन्न भएको थियो । बिहानको सत्रमा धर्मदेशना तथा ध्यान कार्यक्रम सम्पन्न भएको थियो भने दिवा सत्रमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको थियो । परियत्ति पुरस्कार सँगै ललितपुरब्यापी बौद्ध हाजिरजवाफ प्रतियोगितामा विजयी हुन सफल भएका उक्त परियत्ति केन्द्रका सहभागीहरुलाई सम्मान कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

## दीपंकर परियत्ति शिक्षालयमा परियत्ति पुरस्कार वितरण

२०७१ असार २८ गते । पूर्व मन्त्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा परियत्ति पुरस्कार वितरण समारोह सम्पन्न भयो । उक्त समारोह श्रद्धेय भिक्षु भद्दियको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा परियत्ति विद्यार्थीहरुबाट विभिन्न अतिरिक्त क्रियाकलापहरु प्रस्तुत गरिएको थियो ।

## जितवन विहारमा परियत्ति पुरस्कार वितरण

२०७१ श्रावण १० गते । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । भिक्षु संघरक्षित (भारतीय) को सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । परियत्ति विद्यार्थीहरुबाट स्वागत नृत्य पनि प्रदर्शित गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरुबाट साँस्कृतिक कार्यक्रम पनि प्रदर्शित गरिएको थियो ।

## बौद्ध शान्ति विहारमा परियत्ति पुरस्कार वितरण

२०७१ श्रावण २५ गते । नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । उक्त केन्द्रका केन्द्राध्यक्ष भिक्षु बुद्धपियोको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

## शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयमा परियत्ति पुरस्कार वितरण

२०७१ श्रावण २५ गते । ललितपुर निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित माननीय सभासद चन्द्र महर्जनको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ । भिक्षु धर्मगुप्त महास्थविरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विशिष्ट अतिथिहरु पूर्वमन्त्री बुद्धिराज बज्राचार्य, पूर्व मेयर बेखारत्न शाक्य तथा समाजसेवी मोतिलाल शिल्पकारको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा उक्त केन्द्रका सचिव देवेन्द्र बज्राचार्यले प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो भने आर्थिक प्रतिवेदन कोषाध्यक्ष अनागारिका धरणीले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा परियत्ति विद्यार्थीहरुबाट बौद्ध नृत्य तथा वक्तृत्वकला पनि प्रस्तुत गरिएको थियो ।

## डि.ए.भि. स्कूलमा परियत्ति पुरस्कार वितरण

२०७१ श्रावण २७ गते । श्रीलंकाका महामहिम राजदूत Mr. W.M. Senevirathna को प्रमुख आतिथ्यमा डि.ए.भि. स्कुलस्थित पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । उक्त स्कूलका अध्यक्ष अनिल केडियाको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम विद्यार्थीहरुबाट पञ्चशील सम्बन्धी अंग्रेजीबाट नाटक तथा नृत्य प्रस्तुत गरिएको थियो । उक्त स्कूलमा हाल पमित खड्गीबाट परियत्ति अध्यापन हुँदै आएको छ । कक्षा ६,७ र ८ सम्पूर्ण विद्यार्थीहरुलाई परियत्ति अध्यापन

**बाँकी पृष्ठ १५ मा**

## नेपालमा थेरवाद बुद्धधर्मका अवसरहरू......

गरी धर्म प्रचार गर्ने महत्वपूर्ण अवसर अहिले हाम्रो अगाडी विद्यमान छ।

थेरवाद साहित्य अध्ययनको लागि हाल नेपाल बौद्ध परियत्ति संस्था सकिय रुपमा रहेको छ भने त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रिय बौद्ध अध्ययन विभाग, लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत सम्बन्धन प्राप्त छ वटा संकाय र एक आंगिक क्याम्पस संचालनमा रहेको छ। त्यसमध्ये विश्वशान्ति विहारमा थेरवाद बौद्ध एकेडेमी सञ्चालन भैरहेको छ।

लेख रचनाबाट पनि बुद्धधर्म प्रचार प्रसार गर्ने महत्वपूर्ण माध्यम हो। हाल नेपालमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक तथा वार्षिक रुपमा निस्कने विभिन्न पत्रपत्रिकाहरु छन्। विद्युतीय सञ्चार माध्यम जस्तै रेडियो, एफ.एम तथा टि.भी.का विभिन्न च्यानलहरु मार्फत सामाजिक, आर्थिक, राजनैतिक आदि समस्या समाधान बुद्धधर्मको शिक्षाबाट सम्भव छन् भन्ने सन्देश प्रवाह गरी धर्मप्रचारमा तीब्रता ल्याउने अवसरहरु प्रशस्त छन्। बुद्धको शिक्षा समकालीन विविध समस्याहरु समाधान गर्न सक्षम छन् भन्ने सन्देशहरु विभिन्न दिवस जस्तै पर्यावरण दिवस, अपांग दिवस, नारी दिवस, श्रमिक दिवस आदि विभिन्न सन्दर्भमा प्रभावकारी रुपले लेखरचनाको माध्यमवाट संप्रेषण गरी जनमानसमा प्रचार गर्न सकिन्छ।

धर्मलाई जीवन्त राख्नको लागि सैद्धान्तिक ज्ञानमात्र अपरिपूर्ण हुने कुरा बुद्धले विभिन्न सूत्रहरु मार्फत व्यक्त गर्नु भएको छ। हाल नेपालमा सतिपट्ठान सुत्र अन्तर्गतको विपस्सना ध्यानको लागि बुढानिलकण्ठको धर्मश्रृंग र शंखमोलको अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रले निरन्तर रुपमा शिविर संचालन गर्दै आईरहका छन्। सर्वसाधारणलाई धर्मको गम्भिर अभ्यासमा लाग्नको लागि यो महत्वपूर्ण अवसर हो।

यी विभिन्न माध्यमहरुबाट बुद्धधर्म प्रचारगरी समाजमा विद्यमान विभिन्न सामाजिक, आर्थिक तथा राजनैतिक समस्याहरु समाधान गर्ने कुरामा महत्वपूर्ण योगदान दिने कुरामा दुईमत छैन। धर्मका सरल शिक्षाहरुको जागरणबाट विद्यमान सामाजिक समस्याहरु जस्तै पारिवारिक कलह, छुवाछुत र लैंगिक भेदभावको अन्त्य गर्न, समाजको शान्तिलाई खलल गर्ने हिंसा, चोरी, व्यभिचार, भ्रष्टाचार र मादक पदार्थ सेवनवाट विरत रहने पञ्चशीलको शिक्षाले व्यक्तिको मन र तन स्वस्थ भै स्वस्थ समाजको श्रृजना हुने र यस्ता सकारात्मक कुराहरुको कारणले धर्मप्रचारको अवसर सहज गर्न सकिन्छ।

धार्मिकपूर्वक जीवन जिउन सके विभिन्न आर्थिक समस्या पनि समाधान हुने कुरामा पनि विश्वस्त हुन सकिन्छ। लागु पदार्थको सेवनबाट टाढा रहने, विलासी जीवन छोडेर कम भौतिक बस्तुमा सन्तोष हुने, अप्रमाद हुने र वीर्य तथा उत्साह वृद्धि हुने गुणहरुको विकासले आर्थिक रुपमा पनि मानिसहरुलाई सबल बनाउन सक्नेछ।

संक्रमणबाट गुज्रिरहेको नेपालको राजनीतिलाई सही दिशा र स्थायित्व दिने शिक्षाको नितान्त आवश्यक भईरहेको छ। बुद्धले आफ्नो जीवमानकालमा तत्कालीन राजाहरु जस्तै प्रशेनजीत कोशल, बिम्बिसार, उदेन आदिलाई राजकाज सम्बन्धि उपदेशहरु दिनु भएको थियो। पालि साहित्यमा विद्यमान बुद्धका ती शिक्षाहरु राजनीतिलाई पनि सहि दिशा निर्देश दिनको लागि सक्षम छन्। यसरी थेरवाद प्रचारको लागि विभिन्न अवसरहरु पनि विद्यमान छन् भने यसबाट सामाजिक, आर्थिक तथा राजनैतिक समस्या समाधानका अवसरहरु पनि प्रशस्त दिन समर्थ हुन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ।

### चुनौतिहरु

बुद्ध नेपालमा जन्मनु भयो। तर बुद्धधर्मको प्रचारमा विगत १०० वर्षको इतिहासमा धेरै चुनौतिहरुको सामना गर्नुपर्ने परिस्थिति आएको प्रत्यक्ष प्रमाणहरु छन्। त्यस्ता चुनौतिहरु हालसम्म पनि विद्यमान नै रहेका छन्। त्यसलाई उचित रुपमा व्यवस्थापन गर्नु बुद्धका अनुयायीहरुको अहिलेको महत्वपूर्ण कर्तव्य हुन गईरहेको छ।

### सरकारी उदासीनता

लिच्छवीकालमा बुद्धधर्मको लागि राज्यसत्ताबाट विभिन्न किसिमका महत्वपूर्ण कार्यहरु भएको ऐतिहासिक साक्षीहरु छन्। तर मल्लकाल र त्यसपछि बुद्धधर्म तथा बौद्ध धर्मावलम्बीप्रति भेदभावको नीति तथा दमनको नीति अपनाएको इतिहास छ। प्रजातन्त्र र गणतन्त्रको अवस्था आईसकेपछि पनि सरकारी नीति निर्माणमा बुद्धधर्म प्रवर्द्धन हुने खालको कार्यकमलाई कम महत्व दिने प्रवृत्तिको निरन्तरता भईरहेको छ। सरकारी तथा गैर सरकारी संस्थामा बौद्ध भावना भएकाहरुको कमी छ। यदाकदा बाध्य भएर बुद्धधर्मप्रति श्रद्धा राख्नेहरुलाई बौद्ध संस्थामा नियुक्ति दिईएता पनि बुद्धधर्मसंग सम्बन्धित सरकारी र अर्ध सरकारी संस्थाहरुमा चाकरीको बलमा नियुक्ति गरेर धर्मप्रति श्रद्धा नभएका व्यक्तिहरुको हातमा ती संस्थाहरु संचालन गरी राजनैतिक स्वार्थ सिद्ध गर्ने कार्य चुनौतिको रुपमा अहिले पनि विद्यमान छन्।

बौद्ध स्थलहरुको विकासमा ध्यान नदिने मात्र होईन त्यस्ता स्थलहरुलाई आफ्नो अनुकूल व्याख्या गरेर गैर बौद्ध स्थलको रुपमा समेत परिवर्तन गर्ने कार्यमा लाग्नेहरुप्रति सरकार मुकदर्शक भईरहनु पनि बौद्धहरुको लागि ठूलो चुनौती भईरहेको छ। हाल हुन गईरहेको ल्हासापाक्वको मञ्जुश्रीलाई जबरजस्ती सरस्वती मन्दिरको रुपमा परिणत गर्न कोशिस गर्नु र त्यसमा सरकारी मौनता प्रदर्शन गर्नु, तर सुर्खेतको काकेविहार जस्तो बौद्ध स्थलमा बुद्धमूर्ति स्थापना हुनलाग्दा बुद्धको मूर्तिलाई नै अपमान हुने किसिमले कानून र ऐनको प्रसंग जोडेर दमन गर्न खोज्नु यसका उदाहरणको रुपमा लिन सकिन्छ।

समग्रमा अधिकाँश शासनगर्ने तथा सत्तामा बस्नेहरु बहुसंस्कृति देश नेपाललाई एकल संस्कृतिको मात्र हालिमुहालि गरी विद्यमान अरु संस्कृतिप्रति असहिष्णु हुने प्रवृत्ति छन्। एउटा संस्कृतिलाई मात्र विभिन्न संचारमाध्यमबाट प्रचार प्रसार गरि अरु संस्कृतिका समुदायहरुलाई पनि ती संस्कृतिमा ढाल्ने मनसायले सरकारी संयन्त्र प्रयोग गरिरहेको कुरा ज्वलन्त देखा परिरहेको छ। पञ्चायतकालदेखि शुरुभएका यस्ता नीतिहरुको अहिले पनि निरन्तरता भईरहेको छ। बौद्ध उत्सव तथा पर्वमा संचार माध्यम थाहा नपाएजस्तो बस्नु तर गैरबौद्ध पर्वहरु जस्तै बडा दसैं, तीज आदि विभिन्न चाडपर्वहरुको बारेमा ध्वांग फुक्ने किसिमले प्रचारप्रसार हुनुले बुद्धका अनुयायीहरुमा मनोवैज्ञानिक प्रभावले बिस्तारै देखासिखीमा त्यस्ता कियाकलापमा सरिक हुने प्रवृत्ति बढ्दै गईरहेको छ।

### संचार माध्यमको असहिष्णुता

नेपालमा अहिले संचारको विकास भईरहेको छ। तर सरकारी तथा गैर सरकारी संचार माध्यममा बौद्धहरुको न्यून उपस्थिति भएकोले आफ्नो अनुकूलको हिसाबले धर्मको सन्देश प्रवाहित गर्न सकिरहेका छैनन्। बुद्ध जन्मेको विषयलाई देशको गौरवको विषय बनाउनु भन्दा पनि बुद्धको शिक्षालाई कम महत्व दिने, तोड्मरोड गर्ने, असहिष्णु भई बौद्ध धर्मावलम्बीहरुलाई होच्याउने खालको तथा धर्मको तेजोवध गर्ने सामाग्रीहरु पनि संचार माध्यमको विषयवस्तु बनिरहेको छ, जसलाई धर्मप्रचारको चुनौतिको रुपमा लिन सकिन्छ। बुद्धका मूल शिक्षाहरु पनि आफ्नो अनुकूल नभएमा सेन्सर गर्ने गरिन्थ्यो। हालसम्मपनि बुद्धधर्मका प्राविधिक शब्दहरु जस्तै अनीश्वरवादी, अनात्मवादी तथा बुद्धशासन जस्तो शब्दलाई सरकारी माध्यमबाट सेन्सर गर्ने वा त्यस्ता शब्दहरुको प्रयोगलाई निरुत्साहित गरी धर्मको मर्मलाई नै प्रभावहीन बनाउने कार्य भैरहेको छ।

विभिन्न सरकारी तथा गैर सरकारी च्यानलहरुमा धार्मिक कार्यक्रमको नाउँमा प्रसारण हुने कार्यकममा बौद्ध सन्देश, भजन, प्रवचनहरु झन झन न्यून हुँदै गईरहेको अवस्थाको बारेमा बौद्धहरुले आवश्यक पाईला चाल्नु आवश्यक भएको छ। केहिसमय अगाडी विहानको समयमा भारतीय च्यानलबाट गोयन्का गुरुको प्रवचन प्रवाहित भैरहेकोमा अहिले गुरुजीको निधन संगै प्रसारण रोकिएको छ, जसको अभाव धेरैलाई खट् किरहेको छ।

नेपाललाई अन्तरिम संविधानले धर्मनिरपेक्ष भनेर घोषणा गरेको छ। तर धर्मनिरपेक्षको संगसंगै संचारमाध्यमहरुमा बुद्धधर्मको कार्यकमहरु न्यून हुनपुगेको आभाष भईरहेको छ। अझ अहिले त धर्मनिरपेक्षतालाई चुनौति आईरहेको छ। एकभाषा, एकधर्म र एकजाति लाई काखी च्याप्ने पुरानै प्रवृत्तिहरु राजनीतिका अगुवाहरुमा देखा परेका छन्। नेपालका सबै

भाषा, सबै धर्म तथा सबै जातिहरुलाई समेट्ने संविधान आउने क्रममा बाधा व्यवधान उत्पन्न भईरहेको छ ।

**गैर बौद्ध संस्कृतिको प्रभाव**

नेपाल बुद्ध जन्मेको देश भएता पनि हाल यहाँ गैर बौद्धसंस्कृतिको बाहुल्यता छ । एकातिर गैर बौद्ध परम्परा र संस्कृतिको प्रभावले बौद्धहरुलाई धर्मानुकूल हुन कमजोर पारिरहेको छ भने अर्कोतिर पश्चिमी देशहरुको विभिन्न आर्थिक र अरु सुविधाहरुको प्रलोभनमा गरिब बौद्ध जनताहरु अरुको देखासिखीमा अन्य धर्ममा लाग्ने क्रम बढ्दो छ । यी विभिन्न चुनौतिहरुको सामना गर्नु आजका बौद्धहरुको बाध्यता हुन गईरहेको छ ।

**सुझावहरु**

चुनौतीहरुको व्यवस्थापन गर्नुको साथ साथै आन्तरिक कमीकमजोरीलाई पनि सुधार गर्दै लैजानु नितान्त आवश्यक छ । बुद्धको शिक्षाको विशेषता भनेको सांदृष्टिक, अकालिको र एहिपस्सिको विशेषताले पूर्ण शिक्षा हो । यस विशेषतालाई पूर्ण उजागर गर्ने कार्यमा भैरहेको कमीका कारणले पनि बुद्धको लोक कल्याणकारी शिक्षालाई प्रचार गर्न पछि परेको हुनसक्ने कुरालाई पनि सोच्नु आवश्यक छ ।

यसको लागि धर्मलाई जीवन्त बनाउनु आवश्यक छ । सैद्धान्तिक, बुद्धिविलास र उत्सवको रुपमा मात्र धर्मलाई ग्रहण नगरी यसलाई दैनिक जीवनमा अभ्यासको विषय बनाउनु नितान्त आवश्यक हुन्छ । अभ्यास बिना सतहमा मात्र धर्मलाई ग्रहण गरेर लाभान्वित हुन नसक्ने र यसको प्रचार प्रसार पनि राम्ररी हुन सक्दैन ।

नेपालमा बुद्धधर्मका तीनै निकायहरु विद्यमान छन्, यसलाई एउटा राम्रो विशेषताको रुपमा लिन सकिन्छ । तीनै यानको बीचमा सहिष्णुता वृद्धि गरी यसलाई एक अर्काको पूरकको रुपमा प्रस्तुत हुन सके तीनै यानको धर्मलाई प्रभावकारी रुपमा प्रचार प्रसार गर्न सकिने कुरामा सम्बन्धित पक्षले चासो लिनु आवश्यक छ ।

बुद्धधर्म सार्वजनीन धर्म हो भन्ने विश्वास दिलाउन जनजातिहरु, दलितहरुका साथै अन्य समुदायहरुप्रति लक्षितगरेर पनि जागरण कार्यक्रम संचालन गर्नु आवश्यक छन् । किनभने विवेकशील प्राणीहरुको नाताले मानिसहरु सही कुरा लाई देर सबेर मान्ने गर्छन ।

विभिन्न दैनिक पत्रपत्रिकामा धर्मको बारेमा लेख रचनाहरु छाप्ने कार्यमा बौद्ध लेखकहरुलाई प्रेरित गर्नु र पत्रपत्रिकामा विभिन्न समयमा आईरहने धर्म सम्बन्धि भ्रमपूर्ण समाचार र धर्मानुकूल नभएका कुराहरुलाई समयमै जवाफ दिनको लागि पनि लेखकहरुलाई प्रेरित गर्नु आवश्यक छ । धर्मप्रति गरिने कुतर्कहरुलाई समयमै जवाफ दिन नसक्नुले जनमानसमा नकारात्मक प्रभाव पर्न सक्ने भएकोले संचार माध्यमबाट आउने धर्म सम्बन्धि तोडमरोडका कुराहरुलाई समयमै सम्बोधन हुनु आवश्यक छ ।

**उपसंहार**

नेपालमा थेरवादको पुनर्जागरणले धर्मप्रचारमा नयाँ सक्ति संचार भएको छ । सय वर्षको दौरानमा महत्वपूर्ण उपलब्धि यसबाट भएको छ । यसले नेपालका विभिन्न समुदायका मानिसहरुलाई धर्मश्रवण, अध्ययन, धर्मग्रहण र अभ्यासकोलागि महत्वपूर्ण अवसरहरु दिएका छन् । यसलाई निरन्तरता दिनु अतिनै आवश्यक कार्य हो भन्ने सबैको मनमा हुनु आवश्यक छ । धर्मप्रचारको क्रममा विभिन्न समय समयमा चुनौतिहरु पनि थपिन आएको छ । त्यसलाई सामना गर्ने वा व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा सचेत हुनु आवश्यक छ । बुद्ध जन्मेको नेपालमा धर्मको प्रचारलाई सशक्त पार्न तथा धर्मको संस्थागत विकासको लागि र विभिन्न चुनौतिहरुलाई सामना गर्न दीर्घकालीन गुरु योजना तयार गर्नुपर्ने महशुस धेरैले गरेका छन् । भिक्षुहरु, अनागारिकाहरु, उपासक तथा उपासिकाहरुको सामूहिक प्रयास पोखिने त्यस गुरुयोजनाको माध्यमबाट थेरवादको भावी योजना, समग्र विकासका कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गर्न सकेमा थेरवादको भविष्य उज्ज्वल हुने कुरामा कुनै शंका रहँदैन । ♦

**( नोट : धर्मकीर्ति विहार स्वर्ण महोत्सव - २०७१ को उपलक्ष्यमा** त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद "द्वारा **प्रस्तुत "नेपालमा थेरवाद बुद्धधर्म : उपलब्धि, अवसर र चुनौति"को केही अंश)**

## वर्तमान नेपालमा थेरवाद ....

अहिले हाँगाबिंगा सहितको रुखको रूपमा नेपालका विभिन्न ठाउँहरूमा फैलँदै आज पचास बर्षमा पदार्पण भैसकेको छ ।

**सुझावहरू:**

- परियत्ति जागरण टोली बनाई विभिन्न जिल्लामा जागरण कार्यक्रमहरु सञ्चालन गरी विभिन्न जनजातिहरु माझ पुग्ने
- विभिन्न जिल्लाका स्थानीय शिक्षक शिक्षिकाहरूलाई तालिम दिई सरकारी र प्राईभेट विद्यालयहरूमा परियत्ति शिक्षालाइ विस्तार गर्ने ।
- अधिराज्य भरि रहेका थेरवादी विहारहरूको विभिन्न धार्मिक कार्यक्रमहरूमध्ये एक परियत्ति शिक्षा अनिवार्य हुनु पर्ने ।
- परियत्ति शिक्षा प्रचार प्रसारका लागि प्रव्रजित एवं दाताहरूको सहयोगमा सामूहिक कोष खडा गर्ने ।
- परियत्ति शिक्षालाई उच्चशिक्षासंग सम्बन्ध गराउने ।

**विपस्सना ध्यान भावनाको प्रचार प्रसार**

भावना भनेको हाम्रो यो चञ्चल मनलाई एकाग्र गर्ने, स्थिर गर्ने, आफ्नो अधीनमा राख्ने, संयम गर्ने एवं चित्त शुद्ध गर्ने प्रक्रिया हो । भावना आध्यात्मिक सुख शान्तिको निमित्त गर्ने साधना हो । वास्तविक सुख शान्ति भनेको आन्तरिक शान्ति हो, जुन चित्तको निर्मलता, शुद्धतामा हुन्छ । चित्तमा जबसम्म नराम्रा प्रवृत्ति राग, द्वेष, मोह, इर्ष्या, मात्सर्य आदि रहेका हुन्छन्, तबसम्म सुख, शान्तिको चाहना गरे तापनि सुख शान्ति अनुभव गर्न सकिँदैन ।

आफ्नो शरीर र मनलाई स्मृतिपूर्वक, होश राखी शरीर, मनको वास्तविक स्वभाव जस्तो छ त्यस्तै देखिने किसिमले विशेष रूपले हेर्नेलाइ विपस्सना भनिन्छ । "एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया, सोक परिदेवानं समतिक्कमाय, दुक्ख दोमनस्सानं अत्थङ्गमाय ञायस्स अधिगमाय निब्बानस्स सच्छिकिरि याय, यदिदं चत्तारो सतिपट्ठाना ।" अर्थात् "भिक्षुहरू ! यी चार स्मृतिप्रस्थान नामक आचरण मार्ग सत्वहरूको चित्तमल निर्मल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पिडालाई शान्त गर्न, आर्यमार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो ।

वर्तमान नेपालमा विभिन्न ध्यान केन्द्रहरु स्थापना भई व्यवस्थित रूपले जनमानसमा ध्यान भावना प्रचार प्रसार गरिरहेको सबल पक्ष मान्न सकिन्छ । बालबालिकाहरूका लागि बाल लघु शिविर सञ्चालन बाल्य अवस्थादेखि नैतिक छाप राख्नको लागि सफल माध्यम भएको देखिन्छ ।

**सुझावहरू:**

- क्लेश कम गर्ने, अन्धविश्वासको सट्टा सहि दृष्टिले हेर्न सक्ने क्षमता प्रदान गर्ने ध्यानलाई चारै परिषदले अभ्यास गर्नु आवश्यक छ । अधिराज्य भरि रहेका थेरवादी विहारहरूको विभिन्न धार्मिक कार्यक्रमहरूमध्ये ध्यानलाई बढि प्राथमिकता दिनु पर्ने ।
- देशमा नेतृत्व वर्गलाई पनि ध्यानमा संलग्न गराउन सकेमा देशमा शान्ति ल्याउनको लागि ठूलो योगदान हुन्छ ।
- विभिन्न जिल्लामा रहेका परियत्ति केन्द्रहरू, सरकारी र प्राईभेट विद्यालयहरूमा समेत ध्यान भावनाको विस्तार गर्ने ध्यान केन्द्रहरूले पहल गर्नु पर्ने देखिन्छ ।

**थेरवाद बुद्धशासनमा जनशक्ति**

वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा प्रव्रजितहरूको संख्या ६४६ पुगेका छन् । जसमध्ये स्वदेशमा १०० भिक्षुहरू, ९८ जना श्रामणेरहरू र १३० जना गुरुमांहरू गरी ३२८ छन् भने बिदेशमा (श्रीलंका, थाईलैण्ड र बर्मा) ३१८ जना छन् । यसरी ६४६ जना पुगेका छन् । प्रव्रजित हुनेहरूमा करीब ८०% नेवार समुदायका छन् भने करीब २०% मात्र अरु जाति जनजातिका छन् । यसरी प्रवजितहरूको संख्याको साथ साथै गुणात्मक बृद्धि गर्न सक्यो भने बुद्धशासन अभिबृद्धि हुने कुरामा कुनै शंका छैन ।

न जच्चा वसलो होति न जच्चा होति ब्राम्हणो, कम्मना वसलो होति कम्मना होति ब्राम्हणो

अर्थात् जन्मले कोहि ब्राम्हण हुँदैन,जन्मले कोहि नीच पनि हुँदैन, आफ्नै कर्मले नीच हुन्छ आफ्नै कर्मले उच्च हुन्छ । उच्चनीच भनेको जात विशेषबाट हुने होइन, आफ्नै कामले गर्दा हुन्छ । भगवान बुद्धको उपदेशलाई

अंगिकार गर्ने यहाँ सबै जातजातिका लागि प्रव्रजित हुनको लागि सजिलै ठाउँ उपलब्ध छ। त्यसैले थेरवादमा बिभिन्न जातबाट प्रव्रजित हुन आएको देखिन्छ। वर्तमान नेपालमा अल्पकालिन प्रवज्या र ऋषिनी प्रव्रज्या संस्कारको रुपमा विकसित भएको राम्रो पक्ष मान्न सकिन्छ। अन्तरजातीय विवाहबाट व्रतबन्ध गर्न नसकेकालाई पनि विकल्पको रूपमा श्रामणेर गर्ने प्रचलनलाई पनि राम्रो पक्ष मान्न सकिन्छ। कर्मकाण्ड प्रधान इहि गर्ने गुफा राख्नु सट्टा केटीहरूलाई ऋषिनी प्रव्रज्या गराई बच्चा बेलादेखि बुद्धधर्मको सहि शिक्षा दिनुलाई राम्रो पक्ष मान्न सकिन्छ।

यसरी चतुपरिषदमा प्रव्रजित पक्षमा जनशक्ति छ भने सक्षम उपासकउपासिकाहरूमा पनि बृद्धि हुदै आएको लाई सकारात्मक रूपमा लिन सकिन्छ। ध्यान एवं परियत्ति शिक्षा प्रचारप्रसारमा लाग्ने उपासक उपासिकाहरू, ग्रन्थपुस्तक अनुवाद गर्ने, पुस्तक प्रकाशन गर्ने, आर्थिक सहयोग गर्ने दाताहरू पनि बुद्धशासन चिरस्थायी गर्नका लागि सक्षम जनशक्ति मान्न सकिन्छ।

**सुझावहरू:**

- प्रव्रजित वर्ग र सक्षम उपासकउपासिकाहरू बुद्धशासनको भारवाहक भई आफूले पनि धर्म धारण र पालन गरी अरुलाई पनि हित सुख अभिबृद्धि गरी प्रचार प्रसारमा लागीपर्नु पर्ने देखिन्छ।
- विदेशमा अध्ययन गरी आएका नेपाली प्रव्रजित भिक्षुहरू नेपालको अवस्थालाई बुझी सोहि बमोजिम अनुकूल हुनेगरी बुद्धधर्म प्रचार प्रसार गर्नुपर्ने देखिन्छ।
- बुद्धधर्म प्रचार प्रसार गर्नको लागि जाति जनजातिहरूबाट प्रव्रजितहरूको संख्या बढाउनु पर्ने देखिन्छ।
- प्रव्रजित वर्ग र सक्षम उपासकउपासिकाहरूले विभिन्न मिडिया मार्फत बुद्धधर्म व्यापक प्रचार प्रसार गर्नुपर्दछ।

**बौद्ध विहार र बौद्ध संघ संस्थाहरूको भूमिका**

थेरवादको पुनर्जागरण पश्चात् धेरै विहारहरू एवं संघसंस्थाहरू निर्माण भइसकेका छन्। करीब १२२ वटा विहारहरू (काठमाण्डौ उपत्यकामा ६४ वटा र काठमाण्डौं बाहिर ५८ वटा) स्थापना भईसकेका छन् भने १३ वटा जिल्लामा ७० वटा परियत्ति केन्द्रहरू स्थापना भईसकेका छन्। त्यस्तै थुप्रै बौद्ध संघ संस्था बनिसकेको अवस्था छ। सक्षम संस्थाहरू धेरै हुनु बुद्धधर्म प्रचार प्रसारको लागि सबल पक्ष हो।

- विहार भएको तर भन्ते गुरूमांहरू नभएको जिल्लाहरूमा त्यहाँका उपासक उपासिकाहरूले आफ्नो छोरा/छोरी वा आफन्तजनहरूलाई प्रव्रजित गर्न प्रोत्साहन दिई बुद्धशासनको अंश लिन सकिन्छ। जसवाट त्यहाँ बुद्धशासनको जिवन्त परम्परा चलाउन ठूलो सहयोग हुनजान्छ।
- वर्तमानमा भईरहेका संरचना अर्थात् सबै थेरवादी बौद्ध संघसंस्थासंग सम्बन्ध बिस्तार गरी समन्वय एवं सहकार्य गरी बृहतरूपमा लक्ष्य लिई बुद्धधर्म प्रचार प्रसार गर्ने।

**बुद्धधर्म सम्बन्धि पुस्तक प्रकाशन एवं उपलब्धता**

थेरवाद बुद्धधर्मको पुनर्जागरण पछि बुद्धधर्म सम्बन्धि बिभिन्न ग्रन्थ/पुस्तकहरू, पत्रपत्रिका प्रकाशित भएका छन्। राम्रो पक्ष त बुद्धवचन त्रिपिटक पनि नेपाल भाषा एवं नेपाली भाषामा अनुवाद हुन थालेको छ। अनुवादमा यद्यपि पूर्णता हुन पाएको छैन्।

सब्बदानं धम्मदानं जिनाति" सबै दानमध्ये धर्मदान श्रेष्ठ छन् भन्ने उक्तिलाई मनन गरी दातावर्गहरूबाट आफ्नै सश्रद्धाले वा कोही मृत्यु भएमा मृतकको नामबाट पुस्तक प्रकाशन गरिने प्रचलन लाई एक राम्रो पक्ष मान्न सकिन्छ। आनन्दकुटि विहार गुठी, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वीर पूर्ण पुस्तक संग्रहालय, शान्ति सुखावास, सुखी होतु नेपाल आदि संस्थाहरुले पनि पुस्तकहरू प्रकाशित गर्दै आएको छ।

- आधारभूत बुद्धशिक्षालाई नेवार, नेपाली भाषाको अतिरिक्त बिभिन्न भाषामा प्रकाशित गर्न सके बिभिन्न जाति जनजातिहरुले पनि बुद्धधर्म आफ्नो मातृ भाषामा पढ्ने सुअवसर मिल्ने छ।
- परियत्ति शिक्षाको पाठ्यक्रमले निर्धारण गरेका पाठ्यपुस्तकहरु छाप्नको लागि दाता वर्गहरुको सहयोग आवश्यक छ।
- त्रिपिटक अनुवादमा तीब्रता ल्याउन सक्षम भन्ते गुरुमांहरु पनि लाग्नुपर्ने देखिन्छ।

**जाति, जनजातिमा बुद्ध शिक्षा**

जाति जनजातिहरूमा बुद्धधर्म प्रचारप्रसारका लागि बौद्ध जागरण शिविर कार्यक्रम एउटा सशक्त माध्यमको रूपमा लिन सकिन्छ। बिगतका दिनहरूमा यस्ता कार्यक्रमहरू थुप्रै भएका छन् जसको प्रभाव सकारात्मक रूपमा निकै देखिन्छ। जनजातिहरूमा हामी बौद्ध हौं भन्ने चेतना अभिबृद्धि, धर्म निरपेक्षताको लागि वकालत गरेको, आफ्नो स्थानमा चैत्य बिहार स्थापना भएको, बिभिन्न जाति जनजातिहरूबाट प्रव्रजित भन्ते गुरुमां हुन आएको यसका सबल पक्ष हुन्।

हाल आएर जनजाति माझ बौद्धधर्म सम्बन्धी कार्यक्रम लग्न सकिरहेको अवस्था छैन। धर्मदूत कार्यमा लागिपर्ने नेतृत्ववर्गको खांचो, बुद्धधर्म प्रचारप्रसारका लागि कार्यकर्ता, भन्ते गुरुमांहरूको जिल्ला जिल्लामा गतिशीलतामा कमी, स्थानीय भाषामा बुद्धधर्मको पुस्तक अभाव आदि आदि छन्।

**सुझाव**

- बौद्ध जागरण शिविर कार्यक्रम विभिन्न जाति जनजातिका समुदायमा लानुपर्ने।
- बिभिन्न जाति जनजातिका स्थानीय व्यक्तिहरू छनौट गरी बुद्धधर्म सम्बन्धी प्रशिक्षण तालिम दिई उनीहरूलाई प्रशिक्षक बनाई बुद्धधर्म प्रचार प्रसार गर्ने। जनजातिबाट आएका भन्ते गुरुमांहरुलाई पनि आ-आफ्नो जिल्लामा संलग्न गराउने।
- बौद्ध जागरण प्रशिक्षणका लागि आधारभूत कोर्स तयार गरी बिभिन्न भाषाहरूमा (नेपाल भाषा, नेपाली, तामाङ्ग, गुरुङ्ग, मगर, थारु आदि) प्रकाशित गर्ने। जसले गर्दा मातृभाषामा पढ्ने अवसर पाउनुका साथै बुद्धधर्म प्रति अपनत्वको भावना पनि बृद्धि हुन्छ।
- बुद्धधर्मका कार्यक्रमहरूसँगै सामाजिक सेवा कार्यक्रमहरू जस्तै स्वास्थ्य, शिक्षा जस्ता कार्यक्रमहरू समावेश गरी प्रचार प्रसार गर्नसके बढि प्रभाव पार्न सक्ने देखिन्छ। यस्ता कार्यक्रमहरूलाई दातावर्गहरु एवं प्रवजित वर्गले समेत प्रायोजन गर्नुपर्ने देखिन्छ। स्मरणीय छ, राजा अशोकले शासन शुद्धिकरण गर्नुको अतिरीक्त सामाजिक सेवा गरेर धर्मलाई ब्यापक प्रचार प्रसार गर्न सफल भएको थियो।

**उपसंहार**

नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण पश्चात् जनमानसमा यसले राम्रो प्रभाव पारेको देखिन्छ। थेरवाद बुद्धधर्म विकास एवं चिरस्थायीको लागि बेलाबखतमा यसको सामर्थ्यता वा सबल पक्ष, कमजोरी पक्ष, अवसर र चुनौतिहरूको विश्लेषण एवं मूल्यांङ्कन गर्नु आवश्यक छ। कमजोरी पक्षहरुलाई सुधार्नु पर्दछ। सुधार गर्नु पर्ने पक्षहरूमा बुद्धशासन उन्नतिको लागि वृहत योजना एवं नीति हुनुपर्ने, बुद्धधर्म उत्थानको लागि नेतृत्व वर्गको आवश्यकता, बहुजनहिताय बहुजनसुखायको अवधारणा अवलम्बन, दान र यसको सहि उपयोग गर्नुपर्ने, भौतिक पक्षको विकास भन्दा मानवीय क्षमताको विकासमा जोड, महिला पुरुषबीच समानताको व्यवहार प्रवर्द्धन, धर्मलाई कर्मकाण्डको रूपमा प्रयोग नगर्ने, विनय पालनमा जोड, थेरवाद बुद्धशासनमा आचार्य शिष्यको सम्बन्ध बलियो हुनुपर्ने देखिन्छ। नेपाल बौद्ध परियत्ति शिक्षाको माध्यमबाट बुद्धशिक्षाको प्रचार प्रसार भईरहेको, विपस्सना ध्यान भावनाको प्रचार प्रसार भईरहेको, थेरवाद बुद्धशासनमा जनशक्ति भएको, बौद्ध विहार र बौद्ध संघ संस्थाहरूको भूमिका बढेको, बुद्धधर्म सम्बन्धी पुस्तक प्रकाशन हुँदै आएको एवं जाति जनजातिहरूमा बुद्धशिक्षा प्रचार आदि जस्ता सबल पक्षहरूलाई झन् झन् बढाउनु पर्ने देखिन्छ।

अतएव वर्तमान नेपालमा थेरवाद बुद्धशासन विकास क्रममा कमजोरी पक्षहरुलाई सुधार गर्नु पर्दछ भने सामर्थ्यलाई झन्झन् बढाउनु पर्ने हुन्छ र चुनौतिहरूलाई सामना गर्ने शक्ति बढाउँदै अवसरहरूलाई सदुपयोग गर्नु पर्दछ। बहुजन हित र सुखको लागि स्थविरवाद बुद्धशासनलाई उत्थान गर्न चारै परिषद्ले प्रतिवद्धताका साथ आ-आफ्नो भूमिका एवं दायित्व निर्वाह गर्दै अगाडि बढ्न सकौं। ♦

(नोट : **धर्मकीर्ति विहार स्वर्ण महोत्सव–२०७१ को उपलक्ष्यमा सुश्री सविता धाख्वा शाक्यद्वारा प्रस्तुत "नेपालमा थेरवाद बुद्धधर्म : कमजोरी र सामर्थ्य" केही अंश**)

# विभिन्न केन्द्रका केन्द्राध्यक्ष तथा सम्पर्क गर्ने व्यक्तिहरु

| क्र.सं. | केन्द्रको नाम | जिल्ला | केन्द्राध्यक्ष | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १ | धर्मकीर्ति विहार,नघल | काठमाडौं | अनागारिका धम्मवती ४२५९४६६ | अ. धम्मदिन्ना (४२५९४६६), अ. पञ्ञावती ९८४१४१७११५<br>अ. शुभवती (९८४१३२९००५) |
| २ | श्रीकीर्ति विहार,कीर्तिपुर | काठमाडौं | अनागारिका मिना (९८४१५५४९१६),४३३०८३६ | भिक्षु चन्द्रकीर्ति (९८४१८८८२८१), |
| ३ | प्रणिधिपूर्ण विहार, बलम्बु | काठमाडौं | अनागारिका मुदिता (९८४१४६२४२६), ४३१०५९२ | भिक्षु सुख ९८४१२४७६००), सहमिना नकर्मी ९८०३२०४२३१ |
| ४ | विश्व शान्ति विहार,मीनभवन | काठमाडौं | ४६२२९८४, भिक्षु आचारो ९८५१११७१५८ | भिक्षु बोधिज्ञान ९८५११६७५२५, भिक्षु निग्रोध ९८५१०५२९२८ |
| ५ | अमृत बौद्ध परियत्ति शिक्षालय,स्वयम्भू | काठमाडौं | भिक्षु अस्सजि (९८५११३६९०३), ४०३३५९० | भिक्षु धर्ममूर्ति ९८४१२७७८६०, भिक्षु सरणंकर ९८४१४८७४७०<br>भिक्षु नारद ९८०८०६४१७९ |
| ६ | सुलक्षणकीर्ति विहार,चोभार | काठमाडौं | अनागारिका अनोजा ९८४१३३३९११, ४३३१७१८, | आरती रंजित ९८५१००८८०९ |
| ७ | बुद्धभूमि बौद्ध विहार, टोखा | काठमाडौं | ५११०४१४, भिक्षु कोलित ९८४१३३३३२३, | भिक्षु सद्धातिस्स ९८४१३३३३२२ |
| ८ | गणमहाविहार, गणबहाल | काठमाडौं | भिक्षु सोभित ४२५३४५४, ९८४१५९५९७६ | रमना श्रेष्ठ ९८४१३३१६६३ |
| ९ | जीतवन विहार प. के., थानकोट | काठमाडौं | भिक्षु नागित ९८४१८७४७००, ९८०८२८१४०९ | |
| १० | चतुब्रह्म विहार केन्द्र, मातातीर्थ | काठमाडौं | भिक्षु पियदस्सी ९८५११३६९०२, | दिलदेवी महर्जन ९८०८७८१४०४ |
| ११ | धर्मकीर्ति बुसुन्धरा विहार केन्द्र | काठमाडौं | अनागारिका कुसुम ९८४९०१००९१, ४३५४२५१, | अ. प्रीतीवती ९८१८६८१०६७ |
| १२ | ज्ञानकीर्ति विहार केन्द्र, नयाँबजार | काठमाडौं | नानीमैया मानन्धर (९८४१७६१७७३, ४३५८९९३) | सुशील मानन्धर ९८४९०७९९८१ |
| १३ | करुणा बौद्ध केन्द्र,मातातीर्थ | काठमाडौं | अ. चन्द्रशीला ९८४१५९३५७९, ४३१२४५५ | अनागारिका श्रद्धा ९८१८८८२९२०, मानदास ९८१८४४९७९७ |
| १४ | मनमैजु ध्यानकुटी विहार, मनमैजु | काठमाडौं | भिक्षु जनक (९८४१६०९९२४), | श्रामणेर विपुलसार ९८१८०३७३५१, रत्नकेशरी महर्जन ९८१३८८०८१८ |
| १५ | धर्मशीला बिहार प केन्द्र पोखरा<br>(कुमुदिनी होम्स) | काठमाडौं | भिक्षु श्रद्धानन्द ९८४६०५७१४६, | उत्तममान बुद्धाचार्य ९८५६०२०११६, प्रकाश उदास ९८४६०४९०२१,<br>राजकुमारी दुरा ९८४६१३६६१९ |
| १६ | धर्मचक्र विहार, बागबजार | काठमाडौं | सीता तण्डुकार ९८४९५९५०७०, ४२४४२७७ | शान्ति तण्डुकार ४२३९००८, कृष्ण देशार |
| १७ | शाक्यमुनि कीर्ति विहार, सतुंगल | काठमाडौं | अनागारिका पुण्यवती ९८४१६७९३७२, | दिलदेवी महर्जन ९८४३६२५२१९ |
| १८ | ज्ञानज्योति परियत्ति केन्द, ठमेल | काठमाडौं | जगतरत्न कंसाकार ९८४१२९७०९७ | मिलन श्रेष्ठ ९८४१४१२४३७, रजनी मानन्धर ९८४१०२३७१५ |
| १९ | बुद्ध नगर स्कूल, बुद्धनगर | काठमाडौं | पुरुषोत्तम नेपाली ९८४१८३४५२५ | |
| २० | परोपकार मा.वि.,भीमसेनस्थान | काठमाडौं | सकुन्तला प्रधान ४२६०२१२, ९८४१४१२८२५ | निरोज कारंजित ९८४१६३२७३७ |
| २१ | जगत सुन्दर ब्वनेकुथी,चाग: | काठमाडौं | माया मानन्धर ४२५६८३५ | त्रिरत्न मानन्धर ९८४१३७९७६० |
| २२ | कान्ति ईश्वरी मा.बि,प्याफल. | काठमाडौं | प्रदिप शाक्य (९७४११७६३९९) | |
| २३ | एन्जल एकेडमी, कीर्तिपुर | काठमाडौं | जोतिक नापित ९८४१४७९९३६, ४३३६७४३ | मधुसुदन नापित ९८४१११६३३२ |
| २४ | आनन्दकुटी विद्यापीठ, स्वयम्भू | काठमाडौं | कृष्णाकली शाक्य,९८४१५२३५३९ | सुरिष्मा शाक्य ९८४१७१६४१५ |
| २५ | शाक्यसिंह विहार,थैना | ललितपुर | भिक्षु धर्मपाल ५५२४७६०, ९८४१२५२२४६ | भिक्षु नारद ९८१८५२६०००, अ. धरणी ९८४१४१०१००, देवेन्द्र बज्राचार्य (९८०३१५३६३८) |
| २६ | यशोधरा बौद्ध परियत्ति केन्द्र,थैना | ललितपुर | अनागारिका माधवी (५५२१४३५) | भिक्षु पञ्ञारत्न ९८४१२३७२६७, अ. मासुखी ९८०८४१९७८२,<br>रमिला शाक्य ९८४१३९२६६४ |
| २७ | ज्योति विहार,चापागाउँ | ललितपुर | ५५७१४५९, रामेश्वर देशार ९८४१४५७९४४ | राज देशार ९८४१४९१०५१ |
| २८ | जितापुर गन्धकुटी विहार,खोकना | ललितपुर | भिक्षु सुधीरो ९८४१४०१६७५ | |
| २९ | अमरापुर विहार,बुंगमती | ललितपुर | अ. चारुञाणी ५५९१२६८, ९८४१७७२४४६ | अनागारिका पमिताञाणी ९८४९४९८५८५ |
| ३० | सिद्धिमंगल विहार, ठसि | ललितपुर | भिक्षु विमलो ५५८१४९५, ९८४१५९८३८३ | गीता महर्जन ९८४१४५१३६०, अनोज महर्जन ९८४३१०१५३२ |
| ३१ | वेलुवनाराम विहार,थेचो | ललितपुर | भिक्षु उत्तमो (९८४९२४३८५), ५५७००६२ | भिक्षु चन्दिमो(९८४१५०५६०३), रत्नकाजी माली, कृष्णगोपाल महर्जन ९८४१००९०१७ |
| ३२ | बौद्धजन विहार, सुनाकोठी | ललितपुर | भिक्षु धर्मगुप्त ५५७०८२०, सबिता महर्जन ९८४१०२५५२६ | सबिन महर्जन ९८४१४१७६२७, अमन महर्जन ९८०८०९६९६० |
| ३३ | सुवर्ण छत्रपुर विहार,लुभु | ललितपुर | नविना महर्जन ९८०३४४७५९६ | पूर्णमान महर्जन ५५८०४३०, ९८४१५०४२२५ |
| ३४ | माझखण्ड बुद्ध विहार, माझखण्ड | ललितपुर | चन्द्र बहादुर स्यांगतांग ९८४९१३९०५७, १६२१४७५७ | दूधराज जिम्बा ९८१८११६५१३ |
| ३५ | बौद्ध शान्ति विहार क, बुलु | ललितपुर | भिक्षु बुद्धपियो ९८४९३६४०८६, | जयन्ती महर्जन ९८४१९९०३०३ |
| ३६ | धापाखेल परियत्ति केन्द्र, धापाखेल | ललितपुर | भिक्षु जुतिमा ९८५१००३१८१, ९८०१००३१८१, | भिक्षु सुभद्दो (९८४९१९१५९९, ९८०३६८१५२०) |
| ३७ | पुण्य उदय बिहार हरिसिद्धि | ललितपुर | ज्ञानभक्त महर्जन ९८१८४९७०९९ | हसिला महर्जन ९८४९१०२९४३, अनिता डंगोल ९८४३५८८००६ |
| ३८ | जयमंगल बिहार,चंकीटोल | ललितपुर | अनागारिका अनुपमा ( ९८४१३४७८७६) | अ. अनुस्मा ९८१३७६६२०४ |
| ३९ | रत्नकीर्ति बौद्ध विहार, हरिसिद्धि | ललितपुर | अनागारिका जयवती ९८४९०२६५९६ | अ. चम्पावती ९८१८६८८१८४१, अ. जीनवती ९८१३७८१९९० |
| ४० | श्री वच्छ महाविहार, श्रीबहाल | ललितपुर | सानुछोरी शाक्य ५५४३७२५, ९८०३५१०४२० | हिराशोभा शाक्य ९८४००६१७१४, युक्तलक्ष्मी शाक्य ५५३९३२६, वेस्सन्तर शाक्य ९८४१३७९५२८ |
| ४१ | सिखन बिहार परियत्ति केन्द्र, माणिखेल | ललितपुर | बीर बहादुर भोम्जन ९८१३९४५०२८, | बुद्धमान भोम्जन ९८१८३६९११७, भिक्षु ज्ञानेन्द्र ९८०४४५१३९८ |
| ४२ | नकबहिल परियत्ति केन्द्र, नकबहिल | ललितपुर | नीनादेवी शाक्य ९८४१७५६३७५, ५५३७६५८ | अनागारिका अमरावती ९८४१४९४७६५ |
| ४३ | स्वंग: चिभा परियत्ति केन्द्र | ललितपुर | विद्या शाक्य ९८०३३८९९९१ | शान्ति महर्जन ९८०३८७८९८६, समिनरान शाक्य ९८५१०३७०५० |
| ४४ | दीपंकर परियत्ति शिक्षालय | ललितपुर | अमिता धाख्वा ९८४१९३४२७९, ४६२०६२६, | ललिता धाख्वा ९८४१९३४२८३, सति धाख्वा ९७४११३३३३२, जुजुरत्न शाक्य ९८४१३९६६०० |
| ४५ | भास्सरा मा. वि., बालकुमारी | ललितपुर | अनागारिका ञाणवती (९८४१२६०७१५) | आभा अवाले ९८४१३४४५१९, जीवन अवाले ९८५१०४५२११ |
| ४६ | आदर्श सरल मा.वि केन्द्र, नागबहाल | ललितपुर | ५५३४५३९, नूतन बज्राचार्य ( ५५४८०३२) | |
| ४७ | ललित विकास नि.मा.बि.,कुटीसौगल | ललितपुर | गौतम महर्जन (९८४१६०१३२८), | ५५४०७५६,भिम पोखरेल ९८४१३६६९२८ |
| ४८ | डि ए भी स्कुल जावलाखेल | ललितपुर | अनिल केडीया ९८५११०३७८४, | सुजन (पमित) खडगी ९८४१६५०९३१ |
| ४९ | चाँदनी स्कुल शंखमूल | ललितपुर | दिव्यश्री मानन्धर ५२६१५८१, | दिव्यश्री मानन्धर ५२६१५८१, गंगामान व्यञ्जनकार ९८४१३३५१३६,<br>दया खडगी (५५३८३५७, ९८४१८६००४६) |
| ५० | श्री बालकुमारी मा बि, प्रयागपोखरी | ललितपुर | दिलदेवी मुल्मी ५५३८३५७, ९८०८३१६५४७ | दया खडगी (५५४६२५६, ९८४१८६००४६), कोमल शाक्य ९८४१४१४२४९ |
| ५१ | कुम्भेश्वर टेक्नीकल स्कुल | ललितपुर | करुणा खडगी ५५४९११९ | भरत बहादुर महत ९८४१६४१२८९ |

| क्र.सं. | केन्द्रको नाम | जिल्ला | केन्द्राध्यक्ष | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| ५२ | विलियम पब्लिक स्कूल, सुनागुठी | ललितपुर | जयकृष्ण महर्जन ५५७१४७३ | भिक्षु धर्मगुप्त ९८४१२९७१८५ |
| ५३ | मुनि बिहार,भक्तपुर | भक्तपुर | रामकृष्ण बैद्य ६६१६६४६ | अनागारिका मीरा ६६१६४६४, प्रज्ञादेवी शाक्य ९८१३१४७६११ |
| ५४ | नगदेश बुद्ध विहार, नगदेश | भक्तपुर | कृष्णकुमार प्रजापति ९८४१४८८३२९, ६६३४३६३ | राजकृष्ण सिंकेमन ९८४१८६५७७१ |
| ५५ | पाटी बिहार केन्द्र, ठिमी | भक्तपुर | धर्मसुन्दर बज्राचार्य ६६३१२०५ | भिक्षु वरसम्बाधि ९८०८८७४८८३, अ. शीलगौतमी ९८४१६०६०७१ |
| ५६ | मैत्रय युवा संघ | भक्तपुर | लक्ष्मीचन्द्र बज्राचार्य ९८४१४९२३०८, | तिर्थराज बज्राचार्य ६६१०५९४, संचित बुद्धाचार्य ९८४३१६९५५१ |
| ५७ | एभरेष्ट इंगलिश स्कूल, मिबोछें | भक्तपुर | भक्त राजभण्डारी ६६१६८७७, ६६१९६६२ | रश्ना बज्राचार्य ६६११२११, |
| ५८ | जेनिथ अंग्रेजी माध्यामिक विद्यालय, देगमना | भक्तपुर | केशवराज आचार्य ९८४९१७०१६ | सुन्दर सुवाल ९८४९४२४६५८ |
| ५९ | एरुडाइट एकेडेमी उच्च मा.वि. | भक्तपुर | कृष्णप्रसाद भण्डारी ६६३७७९६, ६६३२४५७ | हरिकृष्ण पाण्डे ९८५१०४२२२८ |
| ६० | शान्ति श्री बुद्ध विहार, गुल्मी | गुल्मी | कृष्णकुमार बौद्धाचार्य ९७४७०१४१४२, ०७९६९०१०५ | |
| ६१ | सुगन्ध विहार, रिडी, गुल्मी | गुल्मी | सुर्वणलाल कक्षपती ०७९४०००२७, ९८४४७११२८८ | |
| ६२ | तौलेश्वरनाथ संस्कृत मा.वि., कपिलवस्तु | कपिलवस्तु | अमरचन्द ठाकुर ९८४७०३९६५८ | राम प्रसाद कोइराला (९८४७०६२८२४), बुद्ध थापामगर ९८४७०५७७४२ |
| ६३ | बोधिचर्या विहार,बनेपा | काभ्रे | भिक्षु बोधिसेन ०११-६६१७८९, | राजाराम श्रेष्ठ ९८४१९८७१६५, बुद्धरत्न मानन्धर ९८४१४६६२७४ |
| ६४ | रानीपानी परियत्ति केन्द्र, वालुवा, काभ्रे | काभ्रे | दिनेश चौधरी ९७४१००५७४८ | प्रल्हाद प्रसाद तिमिल्सिना ९७४१०५३८७४ |
| ६५ | लम्जुङ परियत्ति केन्द्र, लम्जुङ | लम्जुङ | विजय गुरुङ (९८५६०४५३४६, ९८४६०९९०४२) | |
| ६६ | भोटेओडार परियत्ति केन्द्र, भोटेओडार | लमजुंग | वीरसिंह घले ९८४६४२७१२५ | |
| ६७ | सुगतपुर विहार, त्रिशुली | नुवाकोट | प्रविण बज्राचार्य ९८४१०८९१९६ | |
| ६८ | आनन्द विहार,तानसेन, पाल्पा | पाल्पा | देवेन्द्रमान शाक्य ०७५-५२४२२५, | सर्जुलाल बज्राचार्य (९८४७०२९५९९), छत्रराज शाक्य (९८४७०२८०१६) रत्नमान बज्राचार्य ९८४७१५६०८८ |
| ६९ | महाचैत्य विहार, तानसेन | पाल्पा | देवप्रसाद बज्राचार्य ९८४७१०२८४२, ०७५५२०३३७ | चकोरमान शाक्य ९८४७०२९३५७, सुमना शाक्य ०७५५२०२५७ |
| ७० | यशोधरा बौद्ध विहार, झापा | झापा | ज्ञानबहादुर थापामगर ९८०४२९४०८, ९७२२३६८४९० | चन्द्रबहादुर थापा ०२३-५४२०८१, २३५६०८३२, |
| ७१ | विशाखा परियत्ति केन्द्र, विर्तामोड | झापा | केशव ताम्राकार ९८१८७६३५०३, ०२३५४०२५४ | दिनेश शाक्य ९८४२७१९११६, प्रमेश कुमार हलवाई ९८५२६७२७९० |
| ७२ | श्री राष्ट्रिय आदर्श मा. वि., बाँके | बाँके | देउमाया गुरुङ ९८४८०५९८३९ | सबिता धाख्वा ९८४१२१९९७८ |
| ७३ | लुम्बिनी परियत्ति केन्द्र,लुम्बिनी | रुपन्देही | अनागारिका खमेसी ९८४७१२७७५८, ०७१५८०१७७, | मोतिलाल यादव (९८४७०३९६४८) |
| ७४ | अन्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल | रुपन्देही | ०७१४२०१२८, भिक्षु ज्ञानेन्द्र (९८०४४५१३९८) | भिक्षु कोविद ९८४७४२७१६६ |
| ७५ | पद्म चैत्य विहार केन्द्र, बुटवल | रुपन्देही | भिक्षु कविन्दो (९८४९७५५८७) | भिक्षु सुमंगल ९८०५४४३२६१, अनागारिका शान्तिवती ९८४७१८९५५५, विमलबहादुर शाक्य ९८४७०४७१७०) |
| ७६ | मेत्ता परियत्ति शिक्षा केन्द्र, लुम्बिनी | रुपन्देही | ऋषिनी अनुला ९८४७५४९८५३, ०७१५८०३४६, | भिक्षु मैत्री ९८५७०२११९७, |
| ७७ | कोलिय बुद्ध विहार , सिकटहन | रुपन्देही | बासुदेव चौधरी ९८४७०३८५२०, ९८१५४९५३६० | रुपनारायण चौधरी ९८१६४१९१८८ |
| ७८ | श्री चौकुने बुद्ध विहार, विशालनगर, गुट्ठु, | सुर्खेत | ओमबहादुर दर्लामी मगर | मनबहादुर बलामीमगर, रत्नबहादुर दर्लामीमगर ९७५८००१७३५ गणेश सलामीमगर ९८४८२९१८१४ |
| ७९ | तपोभूमि बोधिज्ञान बौद्धविहार,बड्डिचौर | सुर्खेत | जगत मर्साङ्गी ९८४८०३७७२७ | ९८४८११६२१५, ९८४८२८७७८४ |
| ८० | अगिनसाइर बुद्ध मंदीर, सीतापुर | सप्तरी | हरिप्रसाद चौधरी ९८४११८४८८५ | रामलगन चौधरी ९८४३५२०९७७ |
| ८१ | सम्यक् शिक्षा सदन, धरान | सुनसरी | विद्या शाक्य ९८४२०२५४५४, ०२५५३१८८३ | सन्दिप शाक्य ९८४२०२५४४९, सरोज श्रेष्ठ ९८४२०५२१९५, देवरत्न शाक्य ९८५२०४९०५१ |
| ८२ | बुद्ध विहार, धरान | सुनसरी | गणेश योञ्जन ०२५५२२१३१ | |



'सब्ब दानं धम्म दानं जिनाति'

# साधुवाद ज्ञापन



दिवंगत पिता **कुलरत्न तुलाधर** र माता **चिनीमाया तुलाधर**को पुण्यस्मृतिमा उहाँहरूको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो ।
उहाँहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षा
साधुवाद ब्यक्त गर्दछ ।

## बुद्ध जन्म सम्बत् २६३८ (बु. सं. २५५८), (वि.सं.२०७१) वर्षको ने. बौ. प. शि. को ५२ औं दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरूको नामावली

| क्र. सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | कोविद स्वर्णपदक | पदक दाता | जितबहादुर बज्राचार्य, पुल्चोक रू.११००/- | प्रज्ञानन्द स्मृति सिरपा: रू. ४,०००/- | ईश्वरीदास मधिक:मी, परिवार रु. १०५००/- | भिक्षु बुद्धघोषपरियत्ति पुरस्कार ४,०००/- | ओमप्रकाश रुङ्टा, बखुण्डोल | अ.सुशीला स्मृति सिरपा: (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भिक्षु बुद्धपियो | विश्व शान्ति विहार मिनभवन काठमाडौं | १० | बोर्ड प्रथम | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | आर. बी. बन्द्रा, प्यूखा | १०००/- | ६००/- | ५०००/- ईश्वरीदास मधिक:मी | | पेनड्राइभ | |
| २ | अ. अरियञाणी | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | १० | बोर्ड द्वितीय | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | विश्वधर तुलाधर जनबहा: | ८००/- | ३५०/- | | ५००/- | पेनड्राइभ | कृष्णमान शाक्य |
| ३ | भिक्षु आचारो | विश्व शान्ति विहार मिनभवन काठमाडौं | १० | बोर्ड तृतीय | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | मदन बहादुर तुलाधर | ६००/- | ३५०/- | | | पेनड्राइभ | |
| ४ | भिक्षु जुतिमा | विश्व शान्ति विहार मिनभवन काठमाडौं | १० | प्रथम | अकिलशोभा मानन्धर | | | ३००/- | | | | |
| ५ | अ. बिमला | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | १० | द्वितीय | मथुरा मानन्धर | | | ३००/- | | | | |
| ६ | अ. श्रद्धा | करुणा बौद्ध परियत्ति केन्द्र | १० | द्वितीय | अष्टरत्न धाख्वा | | | ३००/- | | | | |
| ७ | अ. पञ्ञावती | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघ: | १० | द्वितीय | अ. ध्यानवती | | | ३००/- | | | | |
| ८ | अ. क्षान्तिवती | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघ: | १० | द्वितीय | अ. वण्णवती | | | ३००/- | | | | |
| ९ | अ. अमता | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघ: | १० | द्वितीय | स्व द्वारिका प्र मानन्धर, जमलदेवी मानन्धर, थापाथली | | | ३००/- | | | | |
| १० | अ. सुमना | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघ: | १० | द्वितीय | कोविद स्वर्णपदक | | | ३००/- | | | | |
| ११ | अनिता महर्जन | वेलुवनाराम विहार, येच्व | १० | तृतीय | कोविद स्वर्णपदक | | | ३००/- | | | | |
| १२ | लक्ष्मी महर्जन | मनमैजु ध्यानकुटी विहार परियति केन्द्र | १० | तृतीय | कोविद स्वर्णपदक | | | ३००/- | | | | |
| १३ | अ. आभासवती | मुनि विहार प. केन्द्र, भक्तपुर | ९ | द्वितीय | | | | | १०००/- कुञ्जिका प्रसाइ | | पेनड्राइभ | |
| १४ | भिक्षु कोविद | अ. बु. प. उदय विहार, बुटवल, रुपन्देही (क) | ८ | प्रथम | | | | | १०००/- कुञ्जिका प्रसाइ | | पेनड्राइभ | |
| १५ | अ. सिर्जना | मुनि विहार प. केन्द्र, भक्तपुर | ७ | बोर्ड प्रथम | | रत्नदेवी धाख्वा, नागबहाल | ७०० | ५००/- | ५००/- कुञ्जिका प्रसाइ | | | बुद्धदास शाक्य |
| १६ | कृष्ण यादव | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | ७ | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | ६०० | ५००/- | | ५००/- | | |
| १७ | सबिता मानन्धर | यशोधरा बौद्ध परियत्ति केन्द्र, थैना | ७ | बोर्ड तृतीय | | रुद्र बहादुर खड्गीको पुण्य स्मृतिमा चञ्चला खड्गी | ५०० | ५००/- | | | पेनड्राइभ | |
| १८ | निकी शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | ६ | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार मानभवन | ६००/- | | ५००/- शारदालक्ष्मी प्रधान | | | दानमान शाक्य |
| १९ | निरु शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | ६ | बोर्ड द्वितीय | | धर्मबहादुर धाख्वाको पुण्य स्मृतिमा तेयबहादुर धाख्वा | ५०० | | | ५००/- | | |
| २० | श्रा. विपुलोसारो | मनमैजू ध्यानकुटी विहार परियति केन्द्र | ६ | बोर्ड तृतीय | | धनबहादुर नकर्मी, ढल्को | ४०० | | | | पेनड्राइभ | |
| २१ | मैया डंगोल | ज्ञानकीर्ति विहार प. केन्द्र, नयाँबजार | ५ | बोर्ड प्रथम | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ५०० | | ५००/- शारदालक्ष्मी प्रधान | | | |
| २२ | श्रामणेर कच्चायन | विश्व शान्ति विहार मिनभवन काठमाडौं | ५ | बोर्ड द्वितीय | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ४०० | | | ५००/- | | |
| २३ | श्रीया श्रेष्ठ | यशोधरा बौद्ध परियत्ति केन्द्र, थैना | ५ | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | ३०० | | | | पेनड्राइभ | |
| २४ | अ. विसदञाणी | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | ४ | बोर्ड प्रथम | | दुण्डबहादुर बज्राचार्य वनबहाल | ४००/- | | ५००/- शारदालक्ष्मी प्रधान | | | |
| २५ | आनन्दरत्न शाक्य | धर्मकीर्ति बसुन्धरा विहार प. केन्द्र, बसुन्धरा | ४ | बोर्ड द्वितीय | | हेरादेवी शाक्य, बौद्ध | ३०० | | | ५००/- | | |
| २६ | डा. विकास सुवेदी | पद्मचैत्य विहार परियत्ति केन्द्र, बुटवल | ४ | बोर्ड तृतीय | | बाबुकाजी शाक्य, लगनखेल | २०० | | | | पेनड्राइभ | |
| २७ | श्रामणेर तेजिन्दो | विश्व शान्ति विहार मिनभवन काठमाडौं | ३ | बोर्ड प्रथम | | रेजिता तुलाधर, सिघ: | ३००/- | | ५००/- ईश्वरीदास | | | |
| २८ | सोमिका श्रेष्ठ | परोपकार उ. मा. वि., भिमसेनस्थान | ३ | बोर्ड द्वितीय | | संघरत्न शाक्य, भक्तपुर | २०० | | | ५००/- | | |
| २९ | पदमतारा स्थापित | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघ: | ३ | बोर्ड तृतीय | | मखनलाल श्रेष्ठ, शान्तिनगर | १०० | | | | पेनड्राइभ | |
| ३० | निशा शाक्य | महाचैत्य विहार परियत्ति केन्द्र, तानसेन, पाल्पा | २ | बोर्ड प्रथम | | स्व. द्वारिका प्र. मानन्धर, जमलदेवी मानन्धर, थापाथली | ३०० | | ५००/- ईश्वरीदास | | | |
| ३१ | रीता शाक्य | श्री वच्छ परियत्ति केन्द , श्रीबहाल | २ | बोर्ड द्वितीय | | पूर्ण ब. मानन्धरको पुण्य स्मृतिमा त्रिरत्न मानन्धर | २०० | | | ५००/- | | |
| ३२ | बिशाल शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | २ | बोर्ड तृतीय | | विश्व धर तुलाधर, जनबहाल | १०० | | | | पेनड्राइभ | |
| ३३ | स्मारिका वाइबा | चतुब्रम्ह विहार केन्द्र, मातातिर्थ | १ | बोर्ड प्रथम | | धर्मनरसिं शाक्य, चन्द्रदेवी शाक्य, नकबहिल | ३०० | | ५००/- ईश्वरीदास | | | |
| ३४ | चनिरा बज्राचार्य | भास्सरा मा. वि., पूर्णचण्डी | १ | बोर्ड द्वितीय | | मैत्री शाक्य, प्रयागपोखरी | २०० | | | ५००/- | | |
| ३५ | प्रिया के.सी. | करुणा बौद्ध परियत्ति केन्द्र | १ | बोर्ड तृतीय | | मदन बहादुर तुलाधर | १०० | | | | पेनड्राइभ | |

५२ औं परियत्ति दीक्षान्त समारोहको लागि जलपान दाता : विश्वधर तुलाधर तथा सपरिवार, जनबहा:

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

# नेपाल बौद्ध परियत्ति शिक्षा

## बुद्ध जन्म सम्बत् २६३८ (ब'.सं. २५५८), ने.सं. ११३५, (वि.सं. २०७१) परीक्षा परिणाम

| क्र. सं | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह विहार, थैना | ११९ | ११४ | ४ | ४७ | ३३ | १४ | ९८ |
| २ | धर्मकीर्ति विहार, नघल | ८० | ६६ | २ | २९ | १६ | ९ | ५६ |
| ३ | यशोधरा बौद्ध परियत्ति केन्द्र., थैना | ५८ | ४६ | २ | २४ | १३ | २ | ४१ |
| ४ | श्रीकीर्ति विहार, कीर्तिपुर | ३९ | ३० | ० | २३ | ४ | ३ | ३० |
| ५ | प्रणिधिपूर्ण विहार, बलम्बु | ४२ | ३५ | ० | ११ | १५ | ३ | २९ |
| ६ | ज्योति विहार, चापागाउँ | ३७ | २९ | ० | ९ | १० | ६ | २५ |
| ७ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | ८६ | ७२ | १ | ८ | २३ | २१ | ५३ |
| ८ | मुनि बिहार, भक्तपुर | १०८ | ८४ | १ | ४५ | २४ | ९ | ७९ |
| ९ | परोपकार मा.वि., भीमसेनस्थान | ५८ | २३ | १ | २ | ६ | ६ | १५ |
| १० | अमरापुर विहार, बुंगमती | ३७ | २९ | ० | १२ | १० | ५ | २७ |
| ११ | विश्व शान्ति विहार, मीनभवन | ३८ | ३४ | ४ | १५ | ६ | ५ | ३० |
| १२ | सिद्धिमंगल विहार, ठसि | १०० | ७६ | ० | २४ | ३२ | २० | ७६ |
| १३ | वेलुवनाराम विहार, थेच्व | ५३ | २४ | ० | ८ | ६ | ३ | १७ |
| १४ | बौद्धजन विहार, सुनागुठी | ७५ | ५१ | ० | १५ | १७ | ९ | ४१ |
| १५ | अमृत बौद्ध परियत्ति शिक्षालय, स्वयम्भु | ७२ | ५७ | ० | १२ | १४ | १२ | ३८ |
| १६ | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | १५ | १० | १ | ० | ६ | ६४ | ७१ |
| १७ | जगत सुन्दर ब्वनेकुथी, चाग: | ७६ | ६९ | ० | ११ | १४ | २८ | ५३ |
| १८ | बोधिचर्या विहार, बनेपा | ७९ | ६८ | ० | ४२ | १८ | ५ | ६५ |
| १९ | सुवर्ण छत्रपुर विहार, लुभु | १९ | १७ | ० | ३ | ९ | २ | १४ |
| २० | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | २४ | १५ | ० | ३ | ५ | २ | १० |
| २१ | सुलक्षणकीर्ति विहार, चोभार | ४२ | २८ | ० | १६ | ७ | २ | २५ |
| २२ | रानीपानी परियत्ति केन्द्र, देवभुमि, काभ्रे | २० | १४ | ० | ३ | ४ | ४ | ११ |
| २३ | यशोधरा बौद्ध विहार, झापा | ३२ | २५ | ० | ७ | ४ | ४ | १५ |
| २४ | बुद्धभुमि बौद्ध विहार, टोखा | ५१ | ३८ | ० | २३ | ९ | १ | ३३ |
| २५ | नगदेश बुद्ध विहार, नगदेश | ३१ | २१ | ० | ५ | ५ | ३ | १३ |
| २६ क | अ. बु. प. उदय विहार, बुटवल (क) | ७० | ५३ | ० | २८ | १४ | ५ | ४७ |
| २६ ख | अ. बु. प. उदय विहार, (ख) रामपुर, पाल्पा शाखा | ३७ | २७ | ० | १ | ८ | १० | १९ |
| २७ क | आनन्द विहार, तानसेन, पाल्पा (क) | ३१ | २२ | ० | १३ | ५ | १ | १९ |
| २७ ख | आनन्द विहार परियत्ति केन्द्र (ख), स्याञ्जा शाखा | ६० | ३९ | ० | १८ | ७ | ११ | ३६ |
| २८ | माझखण्ड बुद्ध विहार, माझखण्ड | ३४ | ३३ | ० | २ | ४ | १० | १६ |
| २९ | शान्ति श्री बुद्ध विहार, वामी टक्सार, गुल्मी | ९ | ८ | ० | ५ | १ | १ | ७ |
| ३० | सुगन्ध विहार, रिडी, गुल्मी | १३ | ९ | ० | ० | ३ | ३ | ६ |
| ३१ | जीतवन विहार प. के., थानकोट | ४० | ३१ | ० | १७ | १ | ७ | २५ |
| ३२ | बौद्ध शान्ति विहार क, बुलु | १७ | १३ | ० | १० | १ | २ | १३ |
| ३३ | चतुब्रह्म विहार केन्द्र, मातातीर्थ | ५१ | ३७ | १ | १७ | ६ | ७ | ३१ |
| ३४ | धर्मकीर्ति बुसुन्धरा विहार केन्द्र, बसुन्धरा | २६ | २३ | १ | २० | १ | ० | २२ |
| ३५ | धापाखेल परियत्ति केन्द्र, धापाखेल | १५ | १० | ० | ५ | ३ | २ | १० |
| ३६ | पुण्य उदय विहार, हरिसिद्धि | १६ | १२ | ० | ५ | ४ | ० | ९ |
| ३७ | कान्ति ईश्वरी मा.बि, प्याफल. | २१ | १६ | ० | २ | ५ | ४ | ११ |
| ३८ | मेत्ता परियत्ति शिक्षा केन्द्र, लुम्विनी | ८५ | ६९ | ० | २८ | २५ | ३ | ५६ |
| ३९ | ज्ञानकीर्ति विहार केन्द्र, नयाँबजार | १२ | १० | १ | ३ | २ | २ | ८ |
| ४० | पद्मचैत्य विहार केन्द्र, बुटवल | २५ | २५ | १ | १३ | ९ | १ | २४ |
| ४१ | तौलेश्वरनाथ संस्कृत मा.वि., कपिलवस्तु | २ | २ | ० | ० | १ | १ | २ |
| ४२ | लम्जुङ परियत्ति केन्द्र, लम्जुङ | ४६ | २९ | ० | १५ | १२ | १ | २८ |
| ४३ | मैत्रय युवा संघ, भक्तपुर | २७ | २४ | ० | १२ | २ | ६ | २० |
| ४४ | करुणा बौद्ध केन्द्र, मातातीर्थ | ८६ | ६४ | १ | ३८ | १८ | १ | ५८ |
| ४५ | मनमैजु ध्यानकुटी विहार, मनमैजु | ७० | ४९ | १ | १२ | १४ | १५ | ४२ |
| ४६ | जयमंगल बिहार, चंकीटोल | ३६ | ३५ | ० | १४ | १५ | ४ | ३३ |
| ४७ | महाचैत्य विहार, तानसेन | ४० | ३९ | १ | ३४ | ३ | १ | ३९ |

| क्र. सं | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| ४८ | धर्मचक्र विहार, बागबजार | १८ | ११ | ० | ६ | ४ | १ | ११ |
| ४९ | रत्नकीर्ति बौद्ध विहार, हरिसिद्धि | २३ | १० | ० | ५ | ३ | १ | ९ |
| ५० | श्री चौकने बाद्ध विहार, विशालनगर, गट्ठ | ४७ | २९ | ० | ६ | १२ | ७ | २५ |
| ५१ | श्री वच्छ महाविहार, श्रीबहाल | ३१ | २९ | १ | १३ | ७ | २ | २३ |
| ५२ | सिखन विहार परियत्ति केन्द्र, माणिखेल | २६ | २१ | ० | १५ | ३ | ० | १८ |
| ५३ | शाक्यमुनि कीर्ति विहार, सतुंगल | ३४ | २८ | ० | ५ | ८ | १२ | २५ |
| ५४ | तपोभुमि बोधिज्ञान बौद्ध विहार, बड्डिचौर, सुर्खेत | ८१ | ६० | ० | ६ | २४ | २० | ५० |
| ५५ | नकबहिल बौद्ध परियत्ति केन्द्र, नकबहिल | २१ | १८ | ० | १६ | २ | ० | १८ |
| ५६ | जेनिथ इङ्गलिस सेकेन्डरी स्कुल, देगमना,भक्तपुर | ३२ | २२ | ० | ३ | ९ | ८ | २० |
| ५७ | एभरेष्ट इङ्गलिस स्कुल, मिवाछें, भक्तपुर | ६४ | ५२ | ० | ३५ | १५ | २ | ५२ |
| ५८ | भास्सरा मा. वि., बालकुमारी | २६ | २० | १ | १९ | ० | | २० |
| ५९ | कोलिय बुद्ध विहार, रुपन्दही | ९५ | ७९ | ० | ३१ | २८ | १५ | ७४ |
| ६० | बुद्ध बिहार,धरान | २५ | १३ | ० | ६ | १ | ३ | १० |
| ६१ | श्री सम्यक शिक्षा सदन, धरान | २२ | १७ | ० | १३ | २ | १ | १६ |
| | | २८०५ | २१६३ | २५ | ८८८ | ५९२ | ४१२ | १९१७ |
| | प्राइभेट | | | | | | | |
| १ | यशोधरा मा.वि., थैना | ३१ | ३१ | | १७ | ११ | ३ | ३१ |
| २ | परोपकार उ.मा.वि., भिमसेनस्थान | २२ | २२ | | ६ | ५ | ११ | २२ |
| ३ | डि.ए.भि.स्कुल, जावलाखेल | ९५२ | ९४७ | | ७३० | २१७ | ० | ९४७ |
| ४ | भास्सरा मा वि.,पूर्णचण्डी | १५० | १५० | | ९० | ४३ | १७ | १५० |
| ५ | लुम्बिनी परियत्ति केन्द्र,लुम्बिनी | १३४ | १३४ | | २७ | ४१ | ६४ | १३२ |
| ६ क | तौलेश्वर संस्कृत मा.वि.,तौलिहवा, | ३२ | ३२ | | ९ | ९ | १४ | ३२ |
| ६ ख | तौलेश्वर संस्कृत मा.वि.,(वाणगंगा शाखा) | १० | १० | | १ | ७ | २ | १० |
| ७ | ललित विकास नि.मा.वि., कुटीसौगल | ५३ | ५३ | | २ | ७ | १२ | २१ |
| ८ | जयमंगल परियत्ति केन्द्र, चंकी टोल | २४ | २४ | | २१ | ३ | ० | २४ |
| ९ | एन्जल एकेडेमी, कीर्तिपुर | २७ | २७ | | १८ | ८ | १ | २७ |
| १० | कुम्भेश्वर टेक्नीकल स्कुल, कुम्भेश्वर | ३० | ३० | | १४ | ८ | ८ | ३० |
| ११ | आनन्दकुटी विद्यापीठ, स्वयम्भु | १२ | १२ | | ३ | ३ | ६ | १२ |
| १२ | चाँदनी मा.वि., शंखमुल | १९ | १९ | | ४ | ९ | ६ | १९ |
| १३ | विलियम पब्लिक मा.बि., सुनागुठी | ५० | ५० | | ३२ | ११ | ६ | ४९ |
| १४ | आदर्श सरल मा.वि., नागबहाल | २४ | २४ | | १३ | ९ | २ | २४ |
| १५ | श्री बालकुमारी मा.वि., प्रयागपोखरी | १७ | १७ | | ४ | ९ | ४ | १७ |
| | जम्मा | १५८७ | १५८२ | | ९८७ | ४०० | १५६ | १५४३ |
| | कुल जम्मा (नियमित र प्राइभेट) | ४३९२ | ३७४५ | २४ | १८७५ | ९९२ | ५६८ | ३४६० |

# परियत्ति गतिविधिहरू

गराउँदै आएको छ। कार्यक्रममा भिक्षु सुमनले परियत्ति शिक्षाको महत्वबारे प्रवचन दिनुभएको थियो।

## जयमंगल विहार परियत्ति केन्द्रमा परियत्ति पुरस्कार वितरण

२०७१ असोज ४ गते । समाजसेवी मोतिलाल शिल्पकारको प्रमुख आतिथ्यमा सुवर्ण क्षत्रपुर परियत्ति केन्द्रमा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ । भिक्षु पञ्ञारतनको सभापतित्वमा उक्त कार्यक्रममा जयमङ्गल विहारमा दुईवटा कोठाहरु निर्माण गरिदिनुभएका दाता मोतिलाल, कृष्णलक्ष्मी शिल्पकारलाई विहार प्रमुख अनुपमा गुरुमांले सम्मान गर्नुभएको थियो। विसन्तर शाक्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम अनुष्मा गुरुमांले स्वागत मन्तव्य र अनुपमा गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## सुवर्ण क्षत्रपुर परियत्ति केन्द्रमा पुरस्कार वितरण

२०७१ आश्विन ११ गते । समाजसेवी मोतिलाल शिल्पकारको प्रमुख आतिथ्यमा सुवर्ण क्षत्रपुर परियत्ति केन्द्रमा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ। उक्त विहारका अध्यक्ष पूर्णमान महर्जनको सभापतित्वमा कार्यक्रममा सम्पन्न भएको थियो भने विशिष्ट अतिथिमा भिक्षु बोधिज्ञान र भिक्षु पञ्ञासार हुनुहुन्थ्यो ।

## धम्मदूत कार्यशाला गोष्ठी सम्पन्न

२०७१ चैत्र ७ गते । नेपाल बौद्ध परियत्तिको स्वर्ण महोत्सवको उपलक्ष्यमो चैत ७ गते शनिवार विश्वशान्ति विहार, नयाँ बानेश्वर मा परियत्ति केन्द्रका केन्द्राध्यक्ष, शिक्षक तथा शिक्षिकाहरु सम्मिलित गर ाई एक दिवशीय धम्मदूत कार्यशाला गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यशाला गोष्ठीमा प्रत्येक परियत्ति केन्द्रबाट केन्द्राध्यक्ष सहित दुइजना सहभागी हुनलाई अनुरोध गरिएको थियो । डा. केशवमान शाक्यको कार्यपत्र 'नेपालको थेरवाद बुद्धशासन प्रवर्द्धनको लागि अष्टांगिक मार्ग दर्शन' विषयमा प्रस्तुत भएको थियो । उक्त कार्यकम नेपाल बौद्ध परि यत्ति शिक्षाका शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो ।

## विहारय् दसिपौ लःल्हाःत

यैँया सानुमोति ध्यानकुति विहार, मनमैजु बौद्ध परियत्ति शिक्षा काःपिं खुइम्हेसित दसिपौ व सिरपा लःल्हागु दु । ध्यानकुटी विहारय् नायः कान्छा भाई ज्यापुया सभापतित्वय् जुगु खःसा मूपाहाँ तपस्सी धम्मो भन्ते भ्रमायादीगु खः । थ्व ज्याभ्वलय् जनक भन्तेनं लसकुस न्वचु तयादीगु खः । ज्याभ्वलय् विहार दयेकेत ग्वाहालि यानादीम्ह सानुमोति महर्जन, आशाकाजी महर्जन लगायतपिन्त सम्मान-पत्र लःल्हाना नापं ज्ञानमाला भजन स्वयम्भू भजन हाला ज्याभ्वः नं याःगु खः ।

(साभार : भीगु पौ)

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

# नेपाल बौद्ध परियत्ति शिक्षा

## परीक्षा तालिका - बु.सं. २५५९ (वि.सं. २०७२)

समय विहानको ७:३० - १०:३०

| कक्षा स्तर | माघ २ गते शनिबार | माघ ४ गते सोमबार | माघ ६ गते बुधबार | माघ ९ गते शनिबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

समय विहानको ७:३० -१०:३०

| कक्षा स्तर | माघ १० गते आइतबार | माघ १२ गते मंगलबार | माघ १४ गते बिहीबार | माघ १६ गते शनिबार | माघ १८ गते सोमबार | माघ २० गते बुधबार |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| कोविद प्रथम वर्ष (८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद मध्यम वर्ष (९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद अन्तिम वर्ष (१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

### परीक्षा सम्बन्धी अन्य जानकारीहरू

परीक्षा प्रवेश शुल्क

क) पारम्भिक प्रथम.वर्ष (कक्षा १) देखि पारम्भिक तृतीय वर्षसम्म प्रति पत्रको रू. २०/-

ख) प्रवेश प्रथम वर्ष (कक्षा ४) देखि प्रवेश तृतीय वर्षसम्म प्रति पत्रको रू. ३०/-

ग) सद्धम्मपालक उपाधि - कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू ४०/- प्रति आवेदन रू. २/-

१) परीक्षाको आवेदन फारम वितरण - वि.सं. २०७२ कार्तिक १ गते आइतबार

२) आवेदन फारम बुझाई सक्नुपर्ने - वि.सं. २०७२ मंसिर मसान्तसम्म

३) ढिलो दस्तुर सहित आवेदन फारम बुझाउने अन्तिम मिति -वि.सं.२०७२ पुष ४ शनिबार
(ढिलो दस्तुर प्रति दिन रू.२ का दरले लिइनेछ। पुष ४ गते भन्दा पछि आएको आवेदन कुनै पनि हातलमा स्वीकार्य हुनेछैन।)

४) प्रवेश पत्र ( अर्ध कट्टी) वितरण - वि.सं. २०७२ पुष १० गते शुक्रबार

५) परीक्षार्थीहरूको नामावली र प्रवेश पत्रमा त्रुटी सच्याई सक्नुपर्ने - वि.सं. २०७२ पुष २० गते सोमबार

६) परीक्षा परिणाम प्रकाशन - वि.सं. २०७२ चैत्र १२ गते शुक्रबार

७) दीक्षान्त समारोह - वि.सं. २०७२ चैत्र २७ गते शनिबार

८) परीक्षा माध्यम - नेपालभाषा , नेपाली र अंग्रेजी

९) मौखिक परीक्षा व्यवस्था = (प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म )

१०) **कोविद अन्तिम वर्षका परीक्षार्थीहरूले प्रयोगात्मक परीक्षाको रूपमा १० दिने विपश्यना ध्यान शिबिरमा अनिवार्य रूपमा सहभागी भएको हुनुपर्नेछ। उक्त सहभागिताको प्रमाण पत्र पेश गरिसकेपछि मात्र परीक्षा फल प्रकाशित गरिनेछ।**

### प्राइभेट परीक्षा सम्बन्धी जानकारी

विशेष व्यवस्था भए अनुसार पूर्व स्वीकृति बमोजिम प.स.पा.को प्रारम्भिक प्रथम वर्ष, प्रारम्भिक द्वितीय वर्ष, प्रारम्भिक तृतीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा लिने अनि परीक्षाफल मात्र सचिवालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ।